जिल्ला सभा ऐन, २०७५ को दफा ३ देहाय 'क' को ११ अनुसार प्रस्तुत




आ.व. २०८२/०८३ को

# वार्षिक प्रतिवेदन

**पेश गरिएको निकायः**

**नेपाल सरकार**

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ।

**कोशी प्रदेश सरकार**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, विराटनगर, नेपाल ।

**पेश गर्ने निकायः**

**जिल्ला समन्वय समिति**

**विराटनगर, मोरङ**

## खण्ड क

## संवैधानिक, कानूनी तथा नीतिगत व्यवस्था

## १. जिल्ला समन्वय समिति मोरङको परिचय

नेपालको संविधानले धारा २२० मा जिल्ला सभा र जिल्ला समन्वय समितिको व्यवस्था र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९२ मा जिल्ला समन्वय समितिको सम्बन्धमा व्यवस्था रहेको छ । सो अनुसार जिल्ला समन्वय समितिमा जिल्ला सभाका सदस्यहरुले निर्वाचित गरेका ६ देखि ९ जनाको संख्यामा पदाधिकारीहरु रहने व्यवस्था छ । जिल्ला भित्रका नगरपालिकाका प्रमुख र उपप्रमुख तथा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षहरु जिल्ला सभाका सदस्य रहन्छन् । जिल्ला सभाको तर्फबाट गर्नुपर्ने सम्पूर्ण काम जिल्ला समन्वय समितिले गर्ने संवैधानिक व्यवस्था रहेको छ । मोरङ जिल्लाको समन्वय समितिमा प्रमुख, उपप्रमुख र ७ जना सदस्य गरी जम्मा ९ जना पदाधिकारी रहनु भएको छ ।

संघीय सरकारबाट प्राप्त निर्देशन र जिल्ला समन्वय समितिले गर्ने निर्णयहरुको कार्यान्वयन तथा दैनिक प्रशासन संचालनको लागि जिल्ला समन्वय अधिकारी (रा.प.द्धितीय.श्रेणी) को नेतृत्वमा निजामती, सेवा करार तथा विविध सेवाका कर्मचारीहरु कार्यरत रहेका छन्।

कोशी प्रदेशको राजधानीको रुपमा रहेको, ऐतिहासिक गौरव बोकेको मोरङ जिल्ला जनसंख्याको दृष्टिकोणले नेपालको दोश्रो स्थानमा रहेको छ । प्राचिनकालमा विराट राजाको राजधानी मोरङमा रहेको थियो भन्ने भनाई छ। कालान्तरमा यसै जिल्लामा "हाङ" नामक किराती राजाले राज्य संचालन गरेको पाइन्छ । त्यसबेला यस प्रशासनिक क्षेत्रलाई 'मावरङ " भनिन्थ्यो । पछि "मावरङ" भन्ने शब्द नै अपभ्रंश भई मोरङ भन्न थालिएको हो भन्ने किंवदन्ती रहेको पाइन्छ । अधिकांश भू-भाग तराइले ओगटेको यो जिल्ला पूर्वी नेपालको औधोगिक एवं व्यापारिक केन्द्रको रुपमा परिचित छ । औधोगिक नगरीको रुपमा परिचित यस जिल्लामा नेपालको पहिलो र ठूलो उधोग "विराटनगर जुट मिल" पनि पर्दछ।

मोरङ जिल्लाको आकृति उत्तर दक्षिण लम्बाईमा झण्डै बर्गाकारको छ । जमिनको बनावट अनुसार यस जिल्लामा पहाड़ी क्षेत्र, भावर क्षेत्र र तराई क्षेत्र रहेको छ । उष्ण, अर्धउष्ण र समशीतोष्ण हावापानी भएको यस जिल्तामा अधिकतम् तापक्रम ४२ डिग्री से. देखि न्यूनतम् ३.७ डिग्री से. सम्म पुग्दछ । बार्षिक औषत वर्षा १८१२ मि.मि. हुने गरेको छ । पहाडी बेल्ट निकै विकट रहेता पनि फलफूल तथा तरकारी उत्पादनमा क्रमश : विकसित बन्दैछ । बीचको भावर क्षेत्रमा माटो कम्ति भई ढुङ्गेनि भएकोले केही स्थानाहरूमा उत्पादन कम हुन्छ । तराई क्षेत्र समथल तथा मलिलो भएकाले धान, मकै, गहुँ, कोदो, तोरी जस्ता कृषिबाली राम्ररी उत्पादन हुन्छ ।

महाभारतकालीन विराट राजाको दरबार, राजारानी धिमाल पोखरी , गोविन्दपुरको सुनवर्षी पोखरी, हरैचाको किच्चक गढि , डाईनियाको हरिशचन्द्र गडी जस्ता ऐतिहासिक स्थलहरु रहेको मोरङ जिल्ला धार्मिक तथा पर्यटकीय दृष्टिकोणले अघि बढ्दै गएको छ । सांस्कृतिक विविधता तथा विभिन्न जात जातिको बसोबास भएकोले

आ-आफनै भेषभुषा तथा रहनसहन र संस्कृति यहाँ देख्न सकिन्छ । उत्पादन, गुणस्तरीय शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका विभिन्न अवसरको उपलब्धता तथा शहरीकरणको बढ्दो प्रभावका कारण अन्य जिल्लाबाट बसाई सरेर आउने क्रम बढदो छ ।

## २. जिल्ला समन्वय समितिको गठन

नेपालको संविधान (२०७२) को दफा २२० बमोजिम जिल्ला समन्वय समितिको गठन यस प्रकार रहेको छ :
(१) जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाहरूबीच समन्वय गर्न एक जिल्ला सभा रहनेछ ।
(२) जिल्ला सभामा जिल्ला भित्रका गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष तथा नगर कार्यपालिका प्रमुख र उपप्रमुख सदस्य रहनेछन् । गाउँ सभा र नगर सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले तीस दिन भित्र जिल्ला सभाको पहिलो बैठक बस्नेछ ।
(३) जिल्ला सभाले एक जना प्रमुख एक जना उपप्रमुख कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसंख्यक सहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्नेछ । जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्नु पर्ने सम्पूर्ण कार्य सम्पादन गर्नेछ ।
(४) सम्बन्धित जिल्लाभित्रको गाउँ सभा वा नगर सभाको सदस्य जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा सदस्य पदको उम्मेदवार हुन योग्य हुनेछ । जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा सदस्यको पदमा निर्वाचित भएमा त्यस्तो व्यक्तिको गाउँ सभा वा नगर सभाको सदस्य पद स्वतः रिक्त हुनेछ ।
(५) जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख र सदस्यको पदावधि निर्वाचित भएको मितिले पाँच वर्षको हुनेछ।
(६) देहायको कुनै अवस्थामा जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा सदस्यको पद रिक्त हुनेछ :-

(क) प्रमुखले उपप्रमुख समक्ष र उपप्रमुख वा सदस्यले प्रमुख समा लिखित राजीनामा दिएमा,
(ख) निजको पदावधि समाप्त भएमा,
(ग) निजको मृत्यु भएमा ।

(७) जिल्ला सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जिल्लाभित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने,
(ख) विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने,
(ग) जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने,
(घ) प्रदेश कानून बमोजिमका अन्य कार्यहरू गर्ने ।


(८) जिल्ला सभाको सञ्चालन, जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा तथा जिल्ला सभा सम्बन्धी अन्य व्यवस्था प्रदेश कानून बमोजिम हुनेछ ।

## ३. जिल्ला समन्वय समिति मोरङको संगठन संरचना

नेपाल सरकारद्वारा जिल्ला समन्वय समितिको कार्यालयको स्वीकृत संगठन संरचना यस प्रकार छः-

अनुसूची - १.७

जिल्ला समन्वय समितिको कार्यालय, (७७ जिल्ला) को प्रस्तावित संगठन संरचना




प्रमुखको निजि सचिवालयमा रहने रा.प. अनं. प्रथम श्रेणीको पदमा जिल्ला समन्वय समितिको कुनै कर्मचारीलाई खटाउन वा करारमा नियुक्त गर्न सक्नेछ ।यसरी करारमा नियुक्त गरेको कर्मचारी प्रमुखको पदावधि समाप्त भएमा स्वतः अवकाश हुनेछ ।

४. **जिल्ला सभा/जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार**

**(क) <u>संवैधानिक व्यवस्था</u>**

**<u>नेपालको संविधानको धारा २२० अनुसारका कार्यहरुः-</u>**

- जिल्ला भित्रका नगरपालिका र गाँउपालिकाबीच समन्वय गर्ने,
- विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्ने र सोको अनुगमन गर्ने,
- जिल्लामा रहने संघीय र प्रदेश कार्यालय र स्थानीय तहहरुबीच समन्वय गर्ने,
- संघीय तथा प्रदेश कानून बमोजिमका अन्य कार्यहरु गर्ने ।

**(ख) <u>कानूनी व्यवस्था</u>**

**१. <u>स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम जिल्ला समन्वय समितिले गर्नुपर्ने कार्यहरु निम्नानुसार रहेका छनः-</u>**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९२ मा प्रदेश कानूनले व्यवस्था नगरे सम्मको लागि जिल्ला सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने उल्लेख रहेको छ।

(क) जिल्लाभित्रका गाउँपालिका वा नगरपालिकाको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने,

(ख) जिल्लाभित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धि कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव या मार्गदर्शनलाई सार्वजनिक गर्ने,

(ग) जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा संघसँग समन्वय गर्ने,

(घ) जिल्लामा रहने सङ्घीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाबीच समन्वय गर्ने,

(ङ) जिल्लाभित्रका गाउँपालिका र नगरपालिकबीच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने,

(च) जिल्लाभित्रका प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने,

(छ) जिल्लाभित्रका विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी सङ्घ,संस्था तथा निजी क्षेत्रसंग समन्वय गर्ने,

(ज) जिल्लाभित्रका विकास तथा निर्माण सम्बन्धि कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि

मन्त्रालय, स्थानीय तहसम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धित गाउँपालिका तथा नगरपलिकालाई समेत सुझाव दिने,

(झ) आफ्नो काम कारबाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने,

(ञ) जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तिमा एक पटक वार्षिक समिक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट संघीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने सांसद सदस्यलाई आमन्त्रण गरी सुझाव लिने ।

## २. <u>कोशी प्रदेश, जिल्ला सभा ऐन, २०७५ को दफा ३ बमोजिम काम, कर्तव्य अधिकार देहाय बमोजिम रहेको छः-</u>

जिल्ला सभाको काम, कर्तव्य र अधिकारः नेपालको संविधानको धारा २२० उपधारा (७) का अतिरिक्त जिल्ला सभाको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने व्यवस्था रहेको छः-

### क. <u>विकास कार्यमा समन्वय</u>

(१) जिल्लाको समग्र विकाससम्बन्धी जिल्लास्तरीय नीति र मापदण्ड तर्जुमा गरी गाउँ/नगरपालिका मार्फत् कार्यान्वयन गर्न सहजीकरण गर्ने,

(२) जिल्लाको गौरव तथा दुई वा सोभन्दा बढी गाउँपालिका तथा नगरपालिकाबीचका रणनीतिक महत्त्वका आर्थिक, सामाजिक, पर्यटन, तथा बातावरणीय सुधार र सुशासन क्षेत्रका आयोजना एवम् परियोजनाहरुको पहिचान गर्ने, लगानीको रणनीतिक योजना तर्जुम गर्ने र नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिका र नगरपालिका गैर सरकारी संघ संस्था तथा निजी क्षेत्रबीच समन्वय गर्ने,

(३) जिल्लाभित्रका दुई वा सोभन्दा बढी गाउँपालिका तथा नगरपालिकाबीचका रणनीतिक महत्वका आयोजना तथा परियोजनाको पहिचान गरी सोको कार्यान्वयनमा सहजीकरण तथा समन्वय गर्ने,

(४) संघीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाबीच तथा जिल्लामा कार्यरत गैर सरकारी एवम् सामुदायिक संघसंस्था, जिल्लास्तरीय सञ्जालहरुबीच एकिकृत योजना प्रकृया, साझा कार्यप्रणाली तथा प्रभावकारी कार्यसम्पादनका लागि आवश्यक समन्वय गर्ने,

(५) जिल्लाभित्रको प्राकृतिक श्रोत साधनको दिगो उपयोग, वातावरणीय तथा पर्यावरणीय प्रभाव मूल्यांकन, प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी अध्ययन, अनुसन्धान गर्ने र अन्तर गाउँपालिका नगरपालिकाबीचका त्यस्ता योजना र कार्यक्रमको सञ्चालन तथा व्यवस्थापन गर्न समन्वय गर्ने,
(६) जिल्लाभित्रको विकास तथा निर्माणसम्बन्धी कार्यमा स्थलगत समुदायगत, विषयगत क्षेत्रगत र पर्यावरणीय सन्तुलन तथा प्रतिफल प्राप्त भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान एवम् अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिका तथा नगरपालिका र सरोकारवाला निकायहरुलाई सुझाव दिने,
(७) जिल्लाको समग्र विकासका लागि विभिन्न विषयमा सरोकारवालाहरुसँग समन्वय गर्ने,
(८) जिल्ला भित्रका विकास तथा निर्माण कार्यमा सन्तुलन कायम गर्ने र अनुगमनबाट प्राप्त निष्कर्षका बारेमा सम्बन्धित कार्यालयमा लेखी पठाउने,
(९) जिल्लाभित्र सञ्चालित संघीय र प्रदेशस्तरीय आयोजना तथा परियोजनाको कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्ने,
(१०) जिल्लास्तरीय अन्तर गाउँपालिका तथा नगरपालिका खेलकूद प्रतियोगिता, कला, शैक्षिक प्रदर्शनी, कृषि प्रदर्शनीको आयोजना गरी उत्तम अभ्यासको प्रवर्द्धन तथा अन्तर गाउँपालिका तथा नगरपालिकाबीच विकासमा सकारात्मक ढंगले प्रोत्साहित गर्ने,
(११) आफ्नो काम कारवाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तहसम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको पैंतालीस दिन भित्र प्रतिवेदन पेश गर्ने ।

**ख. अनुगमन कार्य**

(१) विद्युतीय प्रणालीमा जिल्ला अनुगमन विश्लेषण प्रणालीको स्थापना संचालन गर्ने,
(२) जिल्लाभित्रका नेपाल सरकार तथा प्रदेश सरकारका विषयगत कार्यालयहरुबाट भइरहेका चालू योजना र कार्यक्रमहरु गाउँपालिका तथा नगरपालिकासँगको समन्वयमा भए नभएको, दिगो विकास लक्ष्य प्राप्तिमा योगदान भए/नभएको तथा सेवाको गुणस्तर, परिणाम र समय कायम भए/नभएको विषयमा अनुगमन गरी नेपाल सरकार तथा प्रदेश सरकारमा सुझाव तथा प्रतिवेदन पेश गर्ने,
(३) गाउँपालिका र नगरपालिकाको देहायको विषयमा अनुगमन तथा कार्यसम्पादन मापन गरी आवश्यक परिपालना गर्न सुझाव दिनेः-

(क) गाउँपालिका र नगरपालिकाबाट संवैधानिक तथा कानूनी परिपालनाको विषय,
(ख) वित्तीय व्यवस्थापन तथा प्रभावकारिताको विषय,
(ग) सुशासन प्रवर्द्धनको विषय,
(घ) पदाधिकारीबीचको सुमधुर अन्तरसम्बन्धको विषय ।

(४) कानूनबमोजिम गाउँसभा, नगरसभा संचालन भए/नभएको अध्ययन गर्ने र नभएको भए तत्काल कानून बमोजिम गर्न सुझाव दिने,

(५) जिल्लाभित्र राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघसंस्था, विषयगत, क्षेत्रगत सञ्जालबाट सञ्चालन भइरहेको चालू योजना र कार्यक्रमहरुमा स्थानगत, विषयगत क्षेत्रगत लगायतको सन्तुलन भए/नभएको तथा कार्यक्रमको प्रभावकारिता र व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गरी आवश्यक सुझाव दिने।

**ग. सूचना, तथ्यांङ्क तथा अभिलेख व्यवस्थापन कार्य**

(१) जिल्ला सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन गर्ने

(२) नवीनतम् सूचना प्रविधिको प्रयोग गरी जिल्ला तहको जनसांख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कूल गार्हस्थ उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास तथा लैंगिक सशक्तीकरण सूचकाङ्क, राजश्व तथा आयव्यय समेतको तथ्यांक सङ्कलन र प्रशोधन गरी नवीनतम् प्रविधियुक्त र राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा अद्यावधिक गर्ने र जिल्ला पार्श्वचित्र, जिल्लाको श्रोत नक्सा, भौगोलिक सूचना प्रणालीको अद्यावधिक गरी अभिलेख राख्ने,,

(३) जिल्लाभरिको सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसायको विवरण सहितको तथ्याङ्क संकलन गरी अद्यावधिक अभिलेख राख्ने,

(४) जिल्लाभित्र सम्पन्न भएका तथा सञ्चालित चालु विकास आयोजना तथा परियोजनाको लगत राखे,

(५) जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाले तर्जुमा गरेका कानूनहरुको अभिलेखीकरण गर्ने,

(६) जिल्लास्तरीय अन्य आवश्यक तथ्यांक तथा सूचनाको संकलन तथा अभिलेखन गर्ने ।

**घ. क्षमता विकास कार्य**

(१) गाउँपालिका तथा नगरपालिकाको आवश्यकता माग बमोजिमका विषयगत क्षेत्रमा क्षमता विकास योजना तर्जुमा गरी त्यस्तो कार्यमा सहयोग र समन्वय गर्ने,

(२) जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा संघसँग समन्वय गर्ने,

(३) गाउँपालिका तथा नगरपालिकामा दिगो विकासका लक्ष्यसँग सम्बन्धित सूचना, शिक्षा र क्षमता विकास गतिविधि संचालन गर्न आवश्यक कार्य गर्ने,

(४) जिल्लाको विशिष्ठता अनुसार गाउँपालिका तथा नगरपालिकाबाट अभियानात्मक विकास गतिविधि सञ्चालन गर्न आवश्यक ज्ञान, सीप अभिवृद्धि कार्यक्रम संचालन गर्न आवश्यक कार्य गर्ने,

(५) राजस्वका क्षेत्र पहिचान तथा सम्भाव्यता अध्ययन गरी श्रोतको उच्चतम परिचालनका लागि गाउँपालिका नगरपालिकालाई तालिम, अभिमुखीकरण प्रदान गर्ने एवम् आवश्यक सहयोग गर्ने,

(६) जिल्लास्तरीय विभिन्न सञ्जालहरुको संस्थागत क्षमता विकास सम्बन्धी कार्य गर्ने ।

ङ. व्यवस्थापन कार्य

जिल्लाभित्रका दुई वा सोभन्दा बढी गाउँपालिका तथा नगरपालिकाले आफ्नो कार्य सञ्चालन गर्दा लागत न्यूनीकरण, श्रोत साधनको अधिकतम उपयोग क प्रभावकारी सेवा प्रवाह सुनिश्चित गर्न देहायका कार्यहरु जिल्ला सभामार्फत् साझेदारी, सम्झौता वा संयुक्त व्यस्थापनमा गर्न सक्नेछ :-

(क) जिल्लास्तरीय यातायातको सञ्चालन तथा व्यवस्थापन नीति तथा मापदण्ड तर्जुमा र अनुगमन,
(ख) आधारभूत तथा माध्यामिक तहको प्राविधिक शिक्षाको सञ्चालन, प्रवर्द्धन र विकास,
(ग) फोहोरमैला विसर्जन स्थल वा प्रशोधन प्रणालीको विकास र सञ्चालन,
(घ) बृहत पूर्वाधार निर्माण, ठूलो मेसिन तथा औजार खरिद र व्यवस्थापन,
(ङ) बस्ती विकास तथा भू-उपयोग योजना,
(च) पर्यटन, प्रविधि तथा संस्कृतिको प्रवर्द्धन र विकास,
(छ) दमकल तथा एम्बुलेन्स सेवाको सञ्चालन,
(ज) असल अभ्यास र अनुभवको आदान प्रदान ।

च. प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी कार्य

(१) आफ्नो जिल्लाभित्र कुनै प्राकृतिक प्रकोप, दुर्घटना वा कुनै विपद् देखा परेमा प्रकोप तथा विपद् व्यवस्थापनमा जिल्लाभरिका सबै गाउँ/नगरपालिकाबीच समन्वय गरी एकीकृत ढंगले कार्यक्रम संचालन गर्न पहल गर्ने,
(२) विपद् तथा प्रकोप व्यवस्थापनमा जिल्लाभरिका सबै निकायहरुबीच उद्धार र राहत कार्य प्रभावकारी बनाउन समन्वय गर्ने,
(३) विपद् तथा प्रकोप व्यवस्थापनमा प्रदेश सरकार तथा संघीय सरकारसँग समन्वय र सहकार्य गर्ने।

छ. भाषा, कला, र संस्कृति संरक्षण तथा प्रवर्द्धन सम्बन्धी कार्य

(१) जिल्लाभित्र प्रचलनमा रहेको भाषा कला र संस्कृतिको खोज, अध्ययन तथा अनुसन्धान गर्न स्थानीय सरकार तथा प्रदेश सरकारबीच समन्वय गर्ने,
(२) जिल्लाको भाषा, कला र संस्कृति संरक्षणसम्बन्धी कार्य गर्ने,
(३) जिल्लाभित्रका गैरसरकारी संस्था, दातृनिकाय, गुठी आदि सँगको समन्वयमा जिल्लाको भाषा, कला र संस्कृतिको प्रवर्द्धन गर्ने ।

जिल्ला सभाको अन्य कार्य

जिल्ला सभाले आफ्नो जिल्लामा भएका पूर्वाधार विकास तथा सेवा प्रवाहका सम्बन्धमा अनियमित ढंगले काम गरेको पाइएमा सम्बन्धित निकायलाई आवश्यक कारबाहीको लागि सिफारिस गर्न सक्नेछ र

त्यस्तो निकायले यसरी सिफारिस भई आएको विषयमा तत्काल जाँचबुझ गरी आवश्यक कारबाही अगाडि बढाउनु पर्नेछ र सो को जानकारी सम्बन्धित जिल्ला समन्वय समितिलाई दिनु पर्नेछ ।

# खण्ड ख

# सम्पादित कामको विवरण

# १. गत आ.व.(२०८२/०८३) मा सम्पादित मुख्य मुख्य क्रियाकलाप

## क. २०८२ श्रावण देखि आश्विन मसान्तसम्म

*१) अनुगमन मूल्यांकन*

- जि.स.स. मौज्दात कोष संचालन निर्देशिका,२०७५ बमोजिम मोरङ्गका स्थानीय तहहरु र जिल्ला समन्वय समितिबीच लागत साझेदारीमा संचालित योजनाहरुको विभिन्न मितिमा स्थलगत अनुगमन सम्बन्धी कार्यहरु गरियो।

| क्र.स. | अनुगमन गरिएको स्थान | संलग्न पदाधिकारीहरु | मिति | कैफियत |
|---|---|---|---|---|
| १ | जहदा गाउँपालिका, धनपालथान गाउँपालिका | जि.स.स. प्रमुखज्यू तथा कर्मचारीहरु | २०८२/०६/२६ र २७ | |
| २ | केराबारी गाउँपालिका | ऐऐ | २०८२/०६/३१ र ०७/०१ | |



**(केरावारी गाउँपालिका स्थित मच्छिन्द्र मा.वि.को शौचालय निर्माण योजनाको अनुगमन)**



(धनपालथान स्थित निर्माणाधीन प्रशासकीय भवनको अनुगमन)

२०८२ भाद्र २३ र २४ मा भएको आन्दोलनको क्रममा भएको क्षतिको सम्बन्धमा मिति २०८२/०६/२६ र २७ गते जि.स.स. प्रमुख अजम्बर राई, उप प्रमुख श्री उशा झा, जिल्ला समन्वय अधिकारी जानुका न्यौपाने सहित उर्लाबारी नगरपालिका, सुनरवर्षी नगरपालिका, रंगेली नगरपालिका, जहदा गाउँपालिका, धनपालथान गाउँपालिकाको अनुगमन गरियो।



(रंगेली नगरपालिकाका वडा कार्यालयमा क्षति भएका कार्यालयहरु पाल टाँगेर सेवा प्रवाह गर्दै गरेको अनुगमन)

- जिल्ला समन्वय समिति प्रमुख श्री अजम्बर राई ज्यूले यस समितिको प्रमुखको रुपमा जिल्ला तथा कोशी प्रदेशमा संचालित विभिन्न कार्यक्रमहरुमा कार्यक्रमलाई प्रभावकारी बनाउने उदेश्यका साथ अध्यक्षता गहण तथा सहभागिता जनाउने गर्नु भएको।

**२) जिल्ला सभाको छैटौँ बैठकः-**

जिल्ला समन्वय समितिका प्रमुख श्री अजम्बर राई ज्यूको अध्यक्षतामा जिल्ला सभाको छैटौं बैठक मिति २०८२/०६/३० मा सम्पन्न भयो । बैठकबाट भएका मुख्य निर्णयहरु यस प्रकार छन् ।

१. <u>आ.व. २०८१/८२ को खर्च समीक्षा तथा अनुमोदन</u> :

१. गत आ.व. २०८१/८२ सम्मको जिल्ला समन्वय समिति मौज्दात कोषको विवरण निम्न अनुसार रहेको छ ।

| क.स. | विवरण | अघिल्लो आ ब बाट अ.ल्या (रु.) | आ ब २०८१।८२ को | | मौज्दात बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | आम्दानी (रु.) | खर्च (रु.) | बाँकी (रु.) | |
| १ | विविध | २३,०५,४५,४०८.०२ | २२,५३,३६२/८६ (मिक्लाजुङ गाउँपालिकाबाट प्राप्त रु. ३ लाख समेत) | २,०८,००,६२७।०४ | २१,१९,९८,१४३।८० | बाँकी रहेको मौज्दात कोषमा कर्मचारी कल्याण कोष वापतको रकम र सटर भाडा वापतको रकम समेत समावेश भएको र सो रकम योजनामा खर्च गर्न नमिल्ने भई कोषमा अत्यन्तै न्यून रकम रहेको । |
| २ | धरौटी | ३,३२,३३,६०७। ७८ | १,१२,४६५/- | ०.०० | ३,३३,४६,०७२।७८ | |

| क.स. | विवरण | विनियोजित रकम | खर्च रकम | बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | जिल्ला समन्वय समितिको कार्यालयहरू (३६५००१०५३) | १,४३,४५,०००।०० | १,३५,६७,८९९।७८ | ७,७७,१००/२२ | |
| २ | सशर्त अनुदान (महिला वालवालिका तथा जे.ना. मन्त्रालय) | १,००,०००/- | ९१,३९८/- | ८,६०२/- | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | उपदान | ८२,१५,२८५/- | ८२,१५,२८५/- | - | |
| ४ | सेवा निवृत्तको औषधि उपचार खर्च | ३१,३९,५४८/०० | ३१,३९,५४८/०० | - | |
| ५ | जम्मा | २,८३,३६,७२०/- | २,७८,५१,०१७/७८ | ७,८५,७०२/२२ | |

ख. आ.व. २०८१/८२ को अन्य खर्च शीर्षकहरूको आर्थिक विवरण देहाय अनुसार रहेकोमा उक्त आर्थिक विविरण अनुमोदन गरियो ।

<u>**चालु आ.व. २०८२/८३ को बजेट अनुमोदन**</u> :

चालु आर्थिक वर्ष २०८२/८३ को लागि जिल्ला समन्वय समन्वय समिति, मोरङको लागि अनिबार्य दायित्वको लागि नेपाल सरकारबाट प्राप्त बजेट निम्न बमोजिम रहेको छ ।

खर्च शीर्षक नं २६४१२ स्थानीय निकाय निशर्त चालु अनुदान रू. ३३,००,०००/-

| **चालु अनुदानको कार्यक्रमहरू** | **वार्षिक बजेट** (रु.) |
|---|---|
| अनिवार्य दायित्व सहितका कार्यालय संचालन खर्च(पानी बिजुली संचार महशुल इन्धन मर्मत सवारी नवीकरण मसलन्द विविध खर्च आदि) | ३३,००,०००/०० |
| कूल जम्मा | ३३,००,०००/- |

माथि उल्लेखित रकम मध्ये अनिवार्य दायित्व सहितका कार्यालय संचालन खर्च (पानी-बिजुली,संचार महशुल, इन्धन,मर्मत, वीमा नवीकरण,कार्यालय सन्चालन,परामर्श सेवा तथा अन्य सेवा र विविध खर्च )को रु ३३,००,०००।०० जिल्ला समन्वय समितिले आवश्यकता अनुसार उल्लेखित खर्च शीर्षकमा बाँडफाँड गर्नु पर्ने भएकोले (पछि संशोधन गर्नुपर्ने देखिए गर्न सक्ने गरी) निम्न अनुसार रकम बाँडफाँड गरी जिल्ला समन्वय समितिको ४९ औं बैठकबाट भएको निर्णय अनुमोदन र स्वीकृति गर्ने निर्णय गरियो ।

| **क्र.स.** | **खर्च शीर्षक** | **प्रस्तावित बजेट (रु.)** | | |
|---|---|---|---|---|
| १ | पानी तथा बिजुली | ५,०५,००० | | |
| २ | संचार महशुल | ७०,००० | | |
| ३ | इन्धन | १,८०,००० | | |
| ४ | संचालन तथा मर्मत सम्भार | १४,८०,००० | | |
| | सवारी साधन मर्मत(मोटर साइकल समेत) | | ६,३०,००० | |
| | मेसिनरी औजार मर्मत | | २,१०,००० | |
| | निर्मित सम्पत्ति मर्मत(झ्यालको सिसा, ढोका, कम्पाउण्ड वाल, गेट, शौचालय समेत) | | ६,४०,००० | |
| ५ | बीमा तथा नवीकरण | ९५,००० | | |
| ६ | कार्यालय संचालन खर्च (मसलन्द) | ५,००,००० | | |

| | | | | |
|---|---|---|---|---|
| ७ | परमर्श सेवा तथा अन्य सेवा शुल्क | १,७०,००० | | |
| ८ | अन्य भत्ता | १,२५,००० | | |
| ९ | विविध खर्च | १,७५,००० | | |
| | **कूल जम्मा** | ३३,००,००० | | |

**<u>जि.स.स.मौज्दात कोषबाट लागत साझेदारीमा संचालित योजनाहरुको अवस्था :</u>**

मौज्दात कोषबाट जिल्लाका सबै स्थानीय तहहरुमा साविकमा ६१ वटा योजना स्वीकृत भएकोमा आ.व. २०८१/८२ मा साविक स्वीकृत कार्यक्रमको Below रकमबाट सम्बन्धित स्थानीय तहको माग अनुसार १३ वटा थप योजना स्वीकृत भएका छन् ।

सो मध्ये विभिन्न स्थानीय तहका ४५ वटा योजना सम्पन्न भैसकेका छन् भने २१ वटा योजना सम्झौता भै सन्चालनको अवस्थामा रहेका छन ।

आ व २०७७/७८ बाट नै अनुदान स्वीकृत भई आ ब २०७८/७९, २०७९/८० र २०८०/०८१ मा थप समेत गरी कूल अनुदान रु ३९,८१,३०,१३१।०२ स्वीकृत भएकोमा आ ब २०७७/७८, २०७८/७९,२०७९/८० र २०८०/०८१ मा सम्पन्न योजनाको मूल्यांकन अनुसारको सम्पूर्ण रकम र क्रमागत योजनाको प्रथम, द्वितीय तथा तृतीय किस्ता निकासा बापत रु २९,०८,५२,२३०।५४ भुक्तानी भई क्रमागत योजनाको बाँकी किस्ता र सम्झौता हुन बाँकी योजनाको पुरै रकम गरी रु ८,९०,७०,९६४।७१ भुक्तानी गर्नु पर्ने दायित्व रहेको व्यहोरा सभामा जानकारी भयो ।




(जिल्ला सभाको छैटौं बैठक २०८२/०६/३०)

**३. पदाधिकारीको चाडपर्व खर्च सम्बन्धमा**

जिल्ला समन्वय समिति,मोरङको बैठकबाट बडादशैंमा जि.स.स. पदाधिकारीहरुलाई चाडपर्ब खर्च उपलब्ध गराउने गरी भएको ४८ औं बैठकको निर्णय अनुमोदन तथा देहाय अनुसार चाडपर्व खर्च २०८२ श्रावण महिनाको भुक्तानी भएको सुविधाको रकम बराबर नै उपलब्ध गराउने निर्णय गरियो ।

४. **जिर्ण रहेको भवन, आवास गृह तथा सटर मर्मत सम्भार सम्बन्धमा** :

जिल्ला समन्वय समितिको स्वामित्वमा रहेका आवास गृह, भवन तथा पसल/सटर मर्मत सम्भार नगरी नहुने भएकाले सो को लागि लागत अनुमान तयार गरी जिल्ला समन्वय समिति मौज्दात कोषबाट आवश्यक बजेट व्यवस्था गर्नको लागि नेपाल सरकार संघीय मामिला तथा सामान्य मन्त्रालयलाई स्वीकृतिको लागि पठाउने र स्वीकृति प्राप्त भै आएमा निर्माण तथा मर्मत सम्भार गर्ने निर्णय गरियो ।

**५. साझेदारीमा कार्यक्रम संचालन सम्बन्धमा :**

नेपालको संबिधान बमोजिम संघ, प्रदेश र स्थानीयतह वीचको सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्धन गर्न तथा जिल्ला सभा ऐन २०७५ बमोजिम जिल्ला सभाको काम, कर्तब्य र अधिकार कार्यन्वयनका लागि जिल्ला समन्वय समितिको कार्यालयमा बजेट उपलब्ध नभएको हुँदा स्थानीय तहसंग साझेदारीमा (आर्थिक जिम्मेवारी स्थानीय तहले र व्यवस्थापकीय जिम्मेवारी जि.स.स.ले बहन गर्ने गरी) मानव संसाधन विकासका कार्यक्रमहरु(न्यायिक समिति,दलित महिला सदस्यहरु/दलित महिला कार्यपालिका सदस्यहरुको क्षमता अभिवृद्धि, प्राविधिक कर्मचारीको क्षमता वृद्धि, स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन, वित्तीय जोखिम सुशासन मूल्याङ्कन) संचालन गर्ने निर्णय गरियो ।

**६. सम्पन्न बाँकी योजनाहरुको म्याद थप सम्बन्धमाः**

यस अघि सम्झौता भई विविध कारणले सम्पन्न हुन बाँकी योजनाहरुको म्याद थप गर्नुपर्ने भई पुष्टयाँई सहित माग भएमा मिति २०८२ साल चैत्र मसान्त सम्मलाई म्याद थप गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**७. जिल्ला सभा र समन्वय समितिलाइ थप जिम्मेवारी सम्बन्धमाः-**

जिल्ला सभाको काम कर्तव्य र अधिकारमा प्रदेश कानून बमोजिमका कार्यहरु भन्ने उल्लेख भएकोले प्रदेश सरकारले विभिन्न कानूनी व्यवस्था द्वारा प्रदेश सरकारका नीति कार्यान्वयनमा मद्दत पुग्ने गरी जिम्मेवारी प्रदान गरेमा जिल्ला समन्वय समितिले सकृय हुन सक्ने र प्रदेश सरकारको आर्थिक तथा प्रशासनिक दायित्त्व समेत कम हुने देखिदा त्यस प्रकारका कार्यहरु जस्तै जिल्लाका सार्वजनिक सेवा प्रदान, स्थानीय तह कर्मचारी प्रशासन, जनप्रतिनिधि र कर्मचारीको क्षमता अभिवृद्धि आदि यस समितिबाट कार्यान्वय गर्न सकिने भएकोले ती कार्य जिम्मेवारी प्रदान गर्न प्रदेश सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**८. Gen-Z आन्दोलनको क्रममा भएको क्षति सम्बन्धमा**

२०८२ भाद्र २३ र २४ गते भएको आन्दोलनको क्रममा जिल्लाका १० वटा स्थानीय तहको प्रशासकीय भवन तथा वडा कार्यालयमा क्षति पुगेको छ । सो पुनःनिर्माण गर्नु हाम्रो दायित्त्व हो । नेपाल सरकार तथा प्रदेश सरकारबाट स्थानीय तहमा आउने अनुदानमा समेत संकुचन हुन सक्ने देखिएकोले त्यस निम्ति जिल्ला समन्वय समितिको मौज्दात कोष सन्चालन निर्देशिका,२०७५ वमोजिम कार्यक्रम स्वीकृत भई विविध कारणले हालसम्म संझौता नभएका आयोजना पौष मसान्तभित्र संझौता गरिसक्ने अन्यथा सो रकमबाट Gen-Z आन्दोलनको क्रममा क्षति पुगेका स्थानीय तहका प्रशासनिक संरचनाको मर्मतको लागि कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वान गर्ने निर्णय गरियो ।

**९. विविध :**

**(क)** बहालमा दिइएका पसल/सटरहरूबाट प्राप्त विद्युत महशुल नगदै बुझी लिई विद्युत प्राधिकरणमा बुझाउँन

स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**(ख)** गत आ.व. मा भएका सम्पूर्ण खर्चहरु र चालु आ.व.को सभा भन्दा अगाडि भएका सम्पूर्ण खर्चहरुलाई अनुमोदन गर्ने निर्णय गरियो।

**(ग)** यस अघि सम्झौता भएका योजनाहरुको ठेक्का आह्वान गर्दा न्यून कवोल भई बाकी रहन आएको विलो रकमवाट सम्वन्धित स्थानीय तहमा **जिल्ला समन्वय समितिको मौज्दात कोष सन्चालन निर्देशिका,२०७५ वमोजिम** कार्यक्रम कार्यान्वयन समितिबाट निर्णय गरी थप योजना सञ्चालन गर्ने निर्णय गरियो ।

## ३) स्थानीय तहहरुको वार्षिक समीक्षा तथा असल अभ्यास आदान प्रदान

नेपालको संविधानको धारा २२० अनुसार जिल्लाका स्थानीय तहको अनुगमनको कार्य जिल्ला समन्वय समितिलाई प्रदान गरिएको तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९२ मा को उपदफा (१) को (ञ) मा जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तिमा एक पटक वार्षिक समिक्षाको कार्यक्रम आयोजना गर्नु पर्ने भन्ने उल्लेख भएको छ । साथै संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयको मिति २०८२/०४/०७ च.नं ९ को पत्रबाट भाद्र मशासान्त भित्र समीक्षा सम्पन्न गर्न लेखि आएको र सो अनुसार मिति २०८२/०४/२३ को जिल्ला समन्वय समितिको बैठकबाट मिति २०८२/०५/११ गते स्थानीय तहहरुको वार्षिक समीक्षा गरिएको । समीक्षामा विभिन्न १४ वटा स्थानीय तहबाट प्रस्तुतीकरण भयो । प्रस्तुतीकरण पछि जिल्ला समन्वय समितिबाट दिएका सुझावहरु यस प्रकार छन्।

- आवधिक योजना, मध्यकालीन खर्च संरचना (MTEF), Project Bank र वार्षिक बजेट निर्माणमा गर्नु पर्ने भन्ने आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को पूर्ण परिपालना नगरिएको तथा कतिपय स्थानीय तहहरुले आवधिक योजना, मध्यकालीन खर्च संरचना तथा परियोजना बैंक नै सञ्चालन नगरेको पाइएकोले कानूनी पक्षको परिपालना गर्नु पर्ने देखिन्छ ।
- दिगो विकास लक्षको स्थानीयकरणको लागि स्थानीय तहको लागि म्यानुअल जारी भएको भए पनि सो अनुरुप बजेट कोडिङ लगायत स्थानीयकरणको लगि स्थानीय रणनीति तयारी तथा प्रगति समीक्षा भएको नपाइएकोले सो तर्फ ध्यान दिन आवश्यक देखिन्छ ।




(स्थानीय तहको वार्षिक समीक्षा तथा असल अभ्यास आदान प्रदान कार्यक्रम २०८२ भाद्रमा सहभागीहरु)

- नदीजन्य पदार्थको उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ अनुसार स्थानीय तहहरुले नदीजन्य पदार्थको राजश्व अशुली तथा व्यवस्थापन गर्न स्थानीय तहले कार्य गर्नु पर्ने देखिन्छ ।
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची ३ अनुसारको राजश्व परिचालन न्यून हुँदा संघीय र प्रदेश सरकारमाथिको निर्भरता कम हुन नसकेकोले त्यसतर्फ गम्भीर भई राजस्व सुधार कार्ययोजना तयारी तथा कार्यान्वयन गर्नु पर्ने देखिन्छ ।
- स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीको लागि कानून निर्माण, बजेट, योजना व्यवस्थापन, सार्वजनिक खरिद, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी अनुशिक्षण, प्रशिक्षण तथा तालिमहरु सञ्चालन गर्नु पर्ने देखिन्छ ।
- राजनीतिक नेतृत्त्व र प्रशासनिक नेतृत्त्वबीच तथा कर्मचारीबीचमा हुने द्वन्द्व तथा सम्बन्धमा, अधिकारको सीमा तथा विविध मानवीय पक्षमा तालिम सञ्चालन गर्नु पर्ने देखिन्छ ।
- स्थानीय तहको बेरुजुको आकार वर्षेनी बृद्धि भई रहेको सन्दर्भमा बेरुजु आउने कारण पहिचान र निदान गर्ने तथा स्थानीय तहले बेरुजु फर्योट कार्ययोजना तथा कार्यक्रम सञ्चालन गर्नु पर्ने देखिन्छ ।
- स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) लागू भएकोले सो को अभिमुखिकरण तथा समयमा नै प्रविष्टि तथा मूल्याङ्कन सम्पन्न गर्नु पर्ने देखिन्छ ।

वार्षिक समीक्षामा टिप्पणीकर्ता नेपाल नगरपालिका संघ कोशी प्रदेश संयोजक तथा नगर प्रमुख बेलबारी नगरपालिका श्री दिल प्रसाद राईज्यूको टिप्पणी

- स्थानीय तहबाट संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तयार भएको फर्मेटमा प्रतिवेदन भयो । यसले स्थानीय तहको वर्तमा र भविष्य समेत देखिएको छ ।
- संघीयका तीन वटा स्तम्भ राजनीतिक, प्रशसिनक र वित्तीय संघीयताको साथै कानून निर्माण समयमा माथिल्ला तहबाट गरेर तल्ला तहबाट समेत सो अनुसार गर्नु पर्ने ।
- रतुवामाई नगरपालिकामा संघीय सरकारबाट धानको सुपर जोन चलेको छ, यस्ता कार्यक्रममा स्थानीय कार्यक्रम तालमेल हुनु पर्ने देखिन्छ ।
- स्थानीय तह दिगो उपलब्धी हासिल हुने कार्यको लागि योजना र लक्ष केन्द्रित हुनु पर्दछ ।

वार्षिक समीक्षामा टिप्पणीकर्ता जिल्ला समन्वय समिति मोरङका प्रमुख श्री अजम्बर राईज्यूको मन्तब्यः-

- वार्षिक समीक्षाले अनुभव आदान प्रदान गर्न सहज भएको छ ।
- विगतका पाठबाट सिकाई गर्न आवश्यक छ । सहभागी सवै स्थानीय तहलाई धन्यवाद व्यक्त ।

**४) २०८२ भाद्र २३ र २४ को घटनामा भएको क्षतिको विवरणः–**

**अनुमानित क्षति विवरणः-**

| कार्यालय/निकाय वा संस्थाको नाम/व्यक्तिको नाम | क.स | क्षतिको विवरण | | | स्थान | क्षतिको अनुमानित लागत | विमा भएको/नभएको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | नाम | एकाई | परिणाम | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| जिल्ला समन्वय समितिको कार्यालय मोरङ । | १ | पर्खाल | मिटर | ४० | विराटनगर म.न.पा वडा नं ०९, कार्यालय परिसर | ५०००० | नभएको | |
| | २ | सिसाको झ्याल | वटा | २२ | ऐ. | १२०००० | नभएको | |
| | ३ | जिप | वटा | ३ | ऐ. | १५०००००० | तेश्रो पक्ष विमा भएको | |
| | ४ | | | | ऐ. | ५०००००० | | |
| | ५ | | | | ऐ. | १०००००० | | |
| | ६ | मोटरसाईकल (सरकारी) | थान | ७ | ऐ. | ३०७८९५.५३ | नभएको | |
| | ७ | | | | ऐ. | | तेश्रो पक्ष विमा भएको | |
| | ८ | | | | ऐ. | | | |
| | ९ | | | | ऐ. | | | |
| | १० | साईकल | थान | ४८ | ऐ. | २५६३४९.२८ | नभएको | |
| | ११ | डेक्सटप कम्पयुटर | थान | १० | ऐ. | ३१२५७१.६५ | नभएको | |
| | १२ | टेलिभिजन | थान | ८ | ऐ. | १६८८४१.७७ | नभएको | |
| | १३ | टेलिफोन | थान | २० | ऐ. | २०७९२.२ | नभएको | |
| | १४ | ईन्टरकम टेलिफोन | थान | १७ | ऐ. | १५३२८७ | नभएको | |
| | १५ | डिजिटल क्यामेरा | थान | ८ | ऐ. | १४८१२२.४८ | नभएको | |
| | १६ | भिडियो क्यामेरा | थान | १ | ऐ. | ४९१०५ | नभएको | |
| | १७ | जि.पि.एस मेसिन | थान | ३ | ऐ. | १०७६१६ | नभएको | |
| | १८ | वेब क्यामेरा | थान | १ | ऐ. | ० | नभएको | |
| | १९ | डि.भि.डि प्लेयर | थान | ३ | ऐ. | ९५०१ | नभएको | |
| | २० | अन्य सूचना, कम्प्युटर तथा दुरसंचार सामान | थान | १ | ऐ. | ३४१२५ | नभएको | |
| | २१ | क्यामेरा फल्यास | थान | २ | ऐ. | १००७२.७२ | नभएको | |
| | २२ | प्रिन्टर | थान | ५ | ऐ. | ५९०४७.५ | नभएको | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | २३ | हिटर | थान | २ | ऐ. | ३११६.६६ | नभएको | |
| | २४ | सिलिङ पंखा | थान | ५ | ऐ. | ८४६३.५५ | नभएको | |
| | २५ | टेबुल पंखा | थान | ७ | ऐ. | २९५०.०१ | नभएको | |
| | २६ | जेनेरेटर | थान | १ | ऐ. | ८७२००० | नभएको | |
| | २७ | एयर कन्डिसनर | थान | १ | ऐ. | ८१७३.२६८१२५ | नभएको | |
| | २८ | फ्रिज | थान | २ | ऐ. | ४२९४४ | नभएको | |
| | २९ | भ्याकुम क्लिनर | थान | ४ | ऐ. | ११९४१.६ | नभएको | |
| | ३० | युपिएस | थान | २५ | ऐ. | १६०१६५.१८२९ | नभएको | |
| | ३१ | व्याट्री | थान | १० | ऐ. | २७७८२५.६९१३ | नभएको | |
| | ३२ | स्टेबिलाईजर | थान | ५ | ऐ. | २९८१०.८ | नभएको | |
| | ३३ | कुलर | थान | ३ | ऐ. | ३१२० | नभएको | |
| | ३४ | मिक्सर | थान | १ | ऐ. | २५०० | नभएको | |
| | ३५ | आईरन | थान | ४ | ऐ. | ७५०० | नभएको | |
| | ३६ | गिजर | थान | २ | ऐ. | २१७०० | नभएको | |
| | ३७ | सक्यानर | थान | १ | ऐ. | १०५८० | नभएको | |
| | ३८ | ईमेरजेन्सी लाईट | थान | २ | ऐ. | २०५० | नभएको | |
| | ३९ | अन्य विद्युतीय उपकरण | थान | ५ | ऐ. | १२९२५०.९९ | नभएको | |
| | ४० | स्टयाण्ड पंखा | थान | १५ | ऐ. | ३७२६० | नभएको | |
| | ४१ | युरोगार्ड | थान | ६ | ऐ. | १२४७८९.०२ | नभएको | |
| | ४२ | क्यासेट डेक | थान | २ | ऐ. | ६३०० | नभएको | |
| | ४३ | माईक स्टयाण्ड | थान | ३ | ऐ. | ० | नभएको | |
| | ४४ | रेन्जिङ्ग रड | थान | १ | ऐ. | १७५० | नभएको | |
| | ४५ | हाईड्रोलिक ज्याक | थान | २ | ऐ. | ४८२९ | नभएको | |
| | ४६ | अन्य निर्माण सम्बन्धी उपकरण | थान | १२ | ऐ. | ९११५४.९७ | नभएको | |
| | ४७ | प्लाई बोर्ड | थान | २ | ऐ. | ० | नभएको | |
| | ४८ | कुर्चि | थान | १०० | ऐ. | ४११८२२.०९६८ | नभएको | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ४९ | सोफासेट | थान | ४ | ऐ. | ८९६५०.७६ | नभएको | |
| | ५० | एक्जुकेटिभ टेबल | थान | ३ | ऐ. | २९९७६.४२ | नभएको | |
| | ५१ | टि टेबल | थान | १२ | ऐ. | २३०६४.९६ | नभएको | |
| | ५२ | कम्पयुटर टेबल | थान | ५ | ऐ. | ६८८५९.१५ | नभएको | |
| | ५३ | बेन्च | थान | १३ | ऐ. | ० | नभएको | |
| | ५४ | खाट पलङ लोबेड | थान | ७ | ऐ. | ४०२६८.२ | नभएको | |
| | ५५ | ऱ्याक | थान | ३९ | ऐ. | ४४००२५.३०८५ | नभएको | |
| | ५६ | ईस्टुल | थान | १ | ऐ. | १०० | नभएको | |
| | ५७ | स्टान्ड | थान | ४ | ऐ. | ३६६६.६६६६६७ | नभएको | |
| | ५८ | फुल सेक्रेटरी टेबुल | थान | २ | ऐ. | ७०२३७.८४ | नभएको | |
| | ५९ | अन्य फर्निचर | थान | १२ | ऐ. | १७६५३ | नभएको | |
| | ६० | मिटिङ टेबल | थान | १ | ऐ. | १९९८३.३३३३३ | नभएको | |
| | ६१ | कार्पेट | मिटर | २९६ | ऐ. | ८८७२८.९६ | नभएको | |
| | ६२ | गलैचा | थान | ४ | ऐ. | १०१०० | नभएको | |
| | ६३ | पानी फिल्टर | थान | ५ | ऐ. | ४१५६.२५ | नभएको | |
| | ६४ | चेक राईटर | थान | ४ | ऐ. | ४१५०० | नभएको | |
| | ६५ | उजुरी पेटीका | थान | ३ | ऐ. | ११४९.९९ | नभएको | |
| | ६६ | ग्यास चुलो | थान | ५ | ऐ. | १३६११.१ | नभएको | |
| | ६७ | अन्य कार्यालय उपकरण | थान | ४५० | ऐ. | २१३७२८.०२८७ | नभएको | |
| | | **कार्यालयको जिन्सी अभिलेख अनुसार सुरु मूल्य अनुसारको कुल क्षति** | | | | **२६२५५७८३.९४** | | |
| **निजी सम्पत्तिको क्षतिको विवरणः-** | | | | | | | | |
| श्री प्रेम कु. राजवंशी) | ६८ | मोटरसाईकल (निजि) | वटा | २ | ऐ. | २००००० | तेश्रो पक्ष विमा भएको | |
| श्री राकेश कुमार मण्डल धानुक | ६९ | | | | ऐ. | ४००००० | तेश्रो पक्ष विमा भएको | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| श्री हरि प्र.लुईटेल र श्री रमेश लुईटेल | ७० | साईकल (निजि) | थान | २ | ऐ. | १२००० | नभएको | |
| **निजी सम्पत्तिको अनुमानित रकम** | | | | | | ६१२००० | | |
| **निजी सहित क्षति सम्पत्तिको अनुमानित रकम (रु.)** | | | | | | २,६८,६७,७८३.९४ | | |

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं ११७, मिति २०८२/०६/१२ गतेको पत्रानुसार मिति २०८२/०५/२४ को दिन भएको आन्दोलनको क्रममा यस कार्यालयको सम्पत्तिको क्षतिको विवरण मन्त्रालय र भाद्र २३ र २४ को घटना सम्बन्धी जाचबुझ आयोग, २०८२ को सचिवालयमा अनुमानित क्षति रकम समेत पठाईएको ।

साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १११ अनुसार गठित समितिको सिफारिसमा उल्लेखित सामग्रीहरु मिति २०८३/१०/२८ को निर्णयले मिनाहा गरिएको छ ।

## ५ . जिल्ला समन्वय समितिको बैठक

| क्र.स. | मिति. | मुख्य निर्णयहरु | कैफियत |
|---|---|---|---|
| १ | मिति २०८२/०४/२३ ४७ औ बैठक | १. जिल्ला सभा भाद्र अन्तिम साता गर्ने ।<br>२. वार्षिक समीक्षा भाद्र ११ गते गर्ने<br>३. सटर भाडा सम्बन्धमा सूचना गर्ने ।<br>४. विविध सम्बन्धमा । | |
| २ | मिति २०८२/०६/०५ ४८ औ बैठक | १. Gen-Z आन्दोलनको क्रममा भएको क्षतिको समीक्षा गरियो ।<br>२. अनिवार्य दायित्त्वको भुक्तानी गर्ने ।<br>३. जि.स.स. पदाधिकारीको सुविधा उपलब्ध गराउने ।<br>४. वडा दशैको शुभकामना व्यक्त गर्ने ।<br>५. श्रद्धाञ्जली तथा स्वास्थ्य लाभको कामना गर्ने । | |
| ३ | मिति २०८२/०६/२४ ४९ औ बैठक | १. जिल्ला सभाको बैठक आस्विन ३० गते गर्ने ।<br>२. अनिवार्य दायित्त्वको रकमको ब्रेक डाउन गर्ने ।<br>३. कार्यालयबाट नियमित अनुगमन गर्ने ।<br>४. पदाधिकारीको सुविधा सम्बन्धी प्रस्ताव सभामा लैजाने सम्बन्धी ।<br>५. मौज्दात कोष सम्बन्धी ।<br>६. सटर भाडा सम्बन्धी । | |

## ख. २०८२ कार्तिक देखि पौष मसान्तसम्म

*१) अनुगमन मूल्यांकन*

- जि.स.स. मौज्दात कोष संचालन निर्देशिका,२०७५ बमोजिम मोरङ्गका स्थानीय तहहरु र जिल्ला समन्वय समितिबीच लागत साझेदारीमा संचालित योजनाहरुको विभिन्न मितिमा स्थलगत अनुगमन सम्बन्धी कार्यहरु गरियो।

| क्र.स. | अनुगमन गरिएको स्थान | संलग्न पदाधिकारीहरु | मिति | कैफियत |
|---|---|---|---|---|
| १ | सुन्दरहरैचा नगरपालिका चण्डेश्वरी आधारभूत विद्यालयको भवन निर्माणको अनुगमन | जि.स.स. प्रमुख अजम्बर राईज्यू समेत । | २०८२/०७/२७ | |
| २ | रंगेली नगरपालिका, प्रशासकीय भवन र रंगेली अस्पताल निर्माणको अनुगमन | ऐऐ | २०८२/०७/३० गते | |

- ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ बमोजिमको देहायका विभिन्न मितिमा स्थलगत अनुगमन सम्बन्धी कार्यहरु गरियो।

| क्र.स. | अनुगमन गरिएको स्थान | संलग्न पदाधिकारीहरु | मिति | कैफियत |
|---|---|---|---|---|
| १ | उर्लाबारी नगरपालिका अन्तरगत | अनुगमन मूल्याङ्कन शाखा र कर्मचारीहरु | २०८२/०९/२९ र ३० गते | |

जिल्ला समन्वय समिति प्रमुख श्री अजम्बर राई ज्यूले यस समितिको प्रमुखको रुपमा जिल्ला तथा कोशी प्रदेशमा संचालित विभिन्न कार्यक्रमहरुमा कार्यक्रमलाई प्रभावकारी बनाउने उदेश्यका साथ अध्यक्षता गहण तथा सहभागिता जनाउने गर्नु भएको।



(उर्लावारी नगरपालिका स्थित बक्राहा खोलाको उत्खननको अनुगमन गरिदै- २०८२।०९।२९)

२) **असल अभ्यास छनौट र प्रस्तुतीकरण**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको आयोजनामा मिति २०८२/०९/२३ र २४ मा विराटनगरमा भएको एक कार्यक्रममा यस जिल्लाका स्थानीय तहहहरुको असल अभ्यासको प्रस्तुतीकरण भयो । रंगेली नगरपालिकाको सिञ्चाई कार्यक्रम र केराबारी गाँउपालिकाको आर्गेनिक कृषि प्रविधि सम्बन्धी कार्यलाई असल अभ्याको रुपमा सम्बन्धित स्थानीय तहबाट प्रास्तुतीकरण भयो । साथै जिल्ला समन्वय अधिकारी श्री जानुका न्यौपानेज्यूबाट जिल्ला समन्वय समितिको तर्फबाट प्रस्तुतीकरण गर्नु भयो ।



(स्थानीय तहको असल अभ्यास कार्यक्रममा प्रस्तुतीकरण गर्दै जिल्ला समन्वय अधिकारी श्री जानुका न्यौपानेज्यू)

### ३) निर्वाचन कार्यालयको लागि भवन उपलब्ध गराइएको

जिल्ला प्रशासन कार्यालय मोरङको च.नं. ४७८२ मिति २०८२/०९/३० को पत्र अनुसार फागुन २१ मा हुने प्रतिनिधि सभा सदस्य निर्वाचनको लागि निर्वाचन क्षेत्र नं. ६ मोरङको निर्वाचन अधिकृत कार्यालयको लागि भौतिक संरचना र विद्युतीय समग्री उपलब्ध गराइएको ।

## ४ . जिल्ला समन्वय समितिको बैठक

| क्र.स. | मिति. | मुख्य निर्णयहरु | कैफियत |
|---|---|---|---|
| १ | मिति २०८२/०७/२६<br>५० औ बैठक | १. कार्यालयको भवन मर्मत गर्ने ।<br>२. कार्यालयको नामको सटर भाडामा लगाउने ।<br>३. सावारी साधन मर्मत गर्ने ।<br>४. मौज्दात कोषको रकम सम्बन्धी । | |
| २ | मिति २०८२/०८/०७<br>५१ औ बैठक | १. रंगेली अस्पताको रकम भुक्तानी गर्ने ।<br>२. जेन जि आन्दोलनको क्षति भएका सामग्रीको मिनाहा सिफारिस गर्ने । | |
| ३ | मिति २०८२/०९/१८<br>५२ औ बैठक | १. जिल्ला समन्वय समितिको नामको जग्गा संरक्षण सम्बन्धमा समन्वय गर्ने ।<br>२. असल अभ्यास आदान प्रदानको लागि स्थानीय तह छनौट गर्ने । | |

## ग. २०८२ माघ देखि चैत्र मसान्तसम्म

*१) अनुगमन मूल्यांकन*

- जि.स.स. मौज्दात कोष संचालन निर्देशिका, २०७५ बमोजिम मोरङ्गका स्थानीय तहहरु र जिल्ला समन्वय समितिबीच लागत साझेदारीमा संचालित योजनाहरुको विभिन्न मितिमा स्थलगत अनुगमन सम्बन्धी कार्यहरु गरियो।

| क्र.स. | अनुगमन गरिएको स्थान | संलग्न पदाधिकारीहरु | मिति | कैफियत |
|---|---|---|---|---|
| १ | रंगेली नगरपालिका, रंगेली अस्पतालको थप कार्य | जि.स.स. प्रमुख अजम्बर राईज्यू समेत । | २०८२/११/१२ | |

- ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ बमोजिमको देहायका विभिन्न मितिमा स्थलगत अनुगमन सम्बन्धी कार्यहरु गरियो।

| क्र.स. | अनुगमन गरिएको स्थान | संलग्न पदाधिकारीहरु | मिति | कैफियत |
|---|---|---|---|---|
| १ | बेलबारी नगरपालिका स्थित सूर्या एग्रिगेट सहित क्रसर | अनुगमन मूल्याङ्कन शाखा | | जिल्ला अनुगमन समिति अन्तरगत |

| | | | | |
|---|---|---|---|---|
| | उद्योगहरु | | २०८२/१२/१९ | उप समिति सदस्यको रुपमा संयुक्त अनुगमन भएको । |
| २ | लेटाङ नगरपालिका स्थित उत्तरी मोरङ सहित क्रसर उद्योगहरु | ऐऐ | | |
| ३ | बेलबारी नगरपालिका स्थित कान्तिपुर वासिङ सहित क्रसर उद्योगहरु | जिल्ला अनुगमन समिति अन्तरगत उप समितमा कार्यालयबाट अनुगमन समितिको निर्णय कार्यान्वयनमा सहभागी । | ३०८२।१२।३० | |
| ४ | लेटाङ नगरपालिका स्थित मा भगवती एग्रिगेट सहित क्रसर उद्योगहरु | | ३०८२।१२।३० | |

जिल्ला समन्वय समिति प्रमुख श्री अजम्बर राई ज्यूले यस समितिको प्रमुखको रुपमा जिल्ला तथा कोशी प्रदेशमा संचालित विभिन्न कार्यक्रमहरुमा कार्यक्रमलाई प्रभावकारी बनाउने उदेश्यका साथ अध्यक्षता गहण तथा सहभागिता जनाउने गर्नु भएको।



(क्रसर उद्योगको- अनुगमको क्रममा २०८२ चैत्र १९)

२) **स्थानीय तहमा कार्यरत कर्मचारीको लागि क्षमता विकास कार्यक्रम**

यस कार्यालयको कार्यक्रम खर्चबाट मिति २०८२।१२।२५ मा जिल्लाका स्थानीय तहमा कार्यरत अधिकृत स्तरका कर्मचारी लक्षित गरी पत्रव्यवहार, टिप्पणी, गाउँ/नगर कार्यपालिका/सभाको प्रस्ताव लेखन तथा उजुरी प्रशासन सम्बन्धी एक दिवसीय तालिम सञ्चालन गरिएको । तालिममा जिल्लाका विभिन्न स्थानीय तहबाट २८ जना सहभागी हुनु भएको थियो । कार्यक्रमको उद्घाटन शत्र जिल्ला समन्वय अधिकारी श्री जानुका न्यौपानेको अध्यक्षता तथा जिल्ला

समन्वय समितिका प्रमुख श्री अजम्बर राईको प्रमुख आतिथ्यता र उपप्रमुख उशा झाको विशिष्ट आतिथ्यतामा सम्पन्न भएको थियो ।



(पत्रव्यवहार, टिप्पणी, गाउँ/नगर कार्यपालिका/सभाको प्रस्ताव लेखन तथा उजुरी प्रशासन सम्बन्धी एक दिवसीय तालिम)

**३. जिल्ला समन्वय समितिको बैठक( २०८२ माघ, फागुन र चैत्र महिना)**

| क्र.स. | मिति. | मुख्य निर्णयहरु | कैफियत |
|---|---|---|---|
| १ | ५३ औ बैठक<br>मितिः २०८२/१०/२१ | जिल्ला समन्वय समितिको जग्गाको उपयोग सम्बन्धमा प्रदेश सभा तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश सँग समन्वय गर्ने । | |
| २ | ५४ औ बैठक<br>मितिः २०८२/१२/०५ | अघिल्लो बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा । | |

**घ. सम्पादन गरिएका कामको विवरण (२०८३ बैशाख देखि असार मसान्तसम्म)**

**१) <u>अनुगमन मूल्यांकन</u>**

- जि.स.स. मौज्दात कोष संचालन निर्देशिका, २०७५ बमोजिम मोरङ्गका स्थानीय तहहरु र जिल्ला समन्वय समितिबीच लागत साझेदारीमा संचालित योजनाहरुको विभिन्न मितिमा स्थानीय तहमा स्थलगत अनुगमन सम्बन्धी कार्यहरु गरियो।

| | | |
|---|---|---|
| १ | २०८३/०१/२३ | मिक्लाजुङ गा.पा. स्थित क्रसर उद्योगको अनुगमन गरिएको |
| २ | २०८३/०२/०१ | बेलबारी न.पा. स्थित क्रसर उद्योगको अनुगमन गरिएको |
| ३ | २०८३/०२/२४ | सुन्दरहरैंचा न.पा. स्थित क्रसर उद्योगहरुको अनुगमन गरिएको |

अनुगमन भएका जम्मा उद्योगको संख्याः ६

**<u>२.कार्यक्रम सम्बन्धमा</u>**

**३)** ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ बमोजिम नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समितिको बैठक आयोजना तथा संचालन र उप-समिति गठन गरी काम चुस्त रुपना गरि विभिन्न मितिमा स्थलगत अनुगमन सम्बन्धी कार्यहरु गरियो।

४) जिल्ला समन्वय समिति प्रमुख श्री अजम्बर राई ज्यूले यस समितिको प्रमुखको रुपमा जिल्ला तथा कोशी प्रदेशमा संचालित विभिन्न कार्यक्रमहरुमा कार्यक्रमलाई प्रभावकारी बनाउने उदेश्यका साथ अध्यक्षता ग्रहण तथा सहभागिता जनाउने गर्नु भएको।

**<u>३. जिल्ला समन्वय समितिको बैठक</u>**

| <u>देहायको मितिमा जि.स.स.को नियमित बैठक बस्योः-</u> | | |
|---|---|---|
| क्र.स. | मिति. | मुख्य निर्णयहरु |

| | | |
|---|---|---|
| १. | मिति २०८३/०१/१७ ५५ औ बैठक | १. जिल्ला समन्व समितिको नाममा दर्ता कयम रहेको जग्गामा अनधिकृत तथा गैर कानुनिरुपमा वसोवास गर्ने व्यक्तीहरुलाइ हटाउन प्रशासन कार्यालयलाइ पत्र पठाउने निणय गरे सगै घर हटाउन १५ दिने शार्वजनिक सुनाना समेत वुझाएको ।<br>२. आ.व.२०८३।०८४ का लागि कोशी प्रदेश सरकार सग वजेट समेत माग गरीयो ।<br>३. कार्यालय मा रहेको सेफ्टी ट्याङ्कि निर्माण गर्ने निणय गरी मर्मत कार्य सम्पन्न गरीयो ।<br>४. संघीय मन्त्रालय सग भवन निर्माण तथा मर्मतका लागि वजेट माग गर्ने । |
| २. | मिति २०८३/०२/२५ ५६ औ बैठक | १. जिल्ला समन्वय समिति मोरङका नाममा जहदा गाउँपालिका ले निकासा दिएको रु १,००,००० वजेटवाट कार्यालयको मर्मत सम्भार कार्य गर्ने गरी निर्णय भएकोमा काम सम्पन गरिएको । |
| ३. | मिति २०८३/०३/१० ५७ औ बैठक | १. जिल्ला समन्व समितिको नाममा दर्ता कयम रहेको जग्गामा अनधिकृत तथा गैर-कानुनी रुपमा वसोवास गर्ने व्यक्तीहरुलाइ हटाउन प्रशासन कार्यालयलाइ पत्र पठाउने निर्णय गरे सगै धर हटाउन १५ दिने शार्वजनिक सुनाना समेत वुझाएको ।<br>२. आ.व. २०८३।०८४ देखी संघ, प्रदेश तथा स्थानिय तहसंग समन्वय र सहकार्यको लागी हरेक महिनाको ७ गते स्थानिय तहका प्रमुख , प्रमुख प्रशासकीय अधिकृत , प्रमुख जिल्ला अधिकारी ,शुरक्षा निकायका प्रमुख सहितको वैठक प्रत्येक महीनाको ७ गते वस्ने निर्णय गरीयो । |

## ङ. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी विवरण

## २०८३ असार मसान्तसम्मको आय र व्यय विवरणः-

१) प्रदेश सरकारबाट प्राप्त अख्तियारी र खर्चको विवरणः-

| क्र.स. | खर्च संकेत र नाम | अन्तिम बजेट(रु.) | असार मसान्तसम्मको खर्च (रु.) | बाँकी बजेट |
|---|---|---|---|---|
| १ | अनुगमन, मूल्याङ्कन, भ्रमण खर्च (२.८.१.१) | ६,००,०००/- | २,४१,८००/- | ३,५८,२००/- |
| २ | इन्धन कार्यालय प्रयोजन (२.२.२.५) | ६,००,०००/- | ६,००,०००/- | ० |
| | जम्मा | १२,००,०००/- | ८,४१,०००/- | ३,५८,२००/- |

## २) नेपाल सरकारबाट प्राप्त अख्तियारी तथा खर्च विवरण(जि.स.स. अनुदान)

| | |
|---|---|
| **बजेट उपशीर्षक नम्बरः** | ३६५००१०५३ |
| **आयोजना/कार्यक्रम नामः** | जिल्ला समन्वय समितिको कार्यालयहरु |

| खर्च/वित्तीय संकेत नम्बर / नाम | अन्तिम बजेट (रु.) | असार मसान्त सम्मको खर्च(रु.) | बाँकी बजेट (रु.) |
|---|---|---|---|
| १.३.५.१२ कार्यक्रम खर्च (वार्षिक प्रगति समीक्षा तथा स्थानीय तहको अनुभव आदान प्रदान सहित) | ६००,०००.०० | १०७,७४२.०० | ४९२,२५८.०० |
| 1.३.५.१३ अनुगमन मूल्याङ्कन तथा भ्रमण खर्च | १,०००,०००.०० | १९१,३४४.०० | ८०८,६५६.०० |
| १.३.५.५ पारिश्रमिक (स्वीकृत दरवन्दीका कर्मचारीको पारिश्रमिक र जि.स.स. पदाधिकारीको सुविधा) | ९,८००,०००.०० | ९,७५७,३००.३६ | ४२,६९९.६४ |
| १.३.५.६ नीजि सचिवालय करार कर्मचारी (१ जना) | ४६२,०००.०० | ४२६,७६०.०० | ३५,२४०.०० |
| १.३.५.९ अनिवार्य दायित्व सहितका कार्यालय संचालन खर्च (पानी विजुली, संचार महशुल, ईन्धन, मर्मत, | ३,३००,०००.०० | ३,१८१,४८२.०० | ११८,५१८.०० |
| ७.३.३.९८ अनिवार्य अवकाश हुनुभएका कार्यालय सहयोगी चौथो श्री नन्दन भट्टराईको उपदान खर्च वापतको | १,३९९,६७९.०० | १,३९९,६७९.०० | ०.०० |
| ७.३.३.९९ अनिवार्य अवकाश हुनुभएका सव-इन्जिनियर पाँचौं श्री खेमराज सुवेदीको उपदान खर्च वापतको रकम | २,१४२,४६२.०० | २,१४२,४६२.०० | ०.०० |
| ७.३.५.९५ अनिवार्य अवकाश हुनुभएका कार्यालय सहयोगी चौथो श्री नन्दन भट्टराईको सञ्चित विदा वापतको | ४८१,९९२.०० | ४८१,९९२.०० | ०.०० |
| ७.३.५.९६ अनिवार्य अवकाश हुनुभएका सव-इन्जिनियर पाँचौं श्री खेमराज सुवेदीको सञ्चित विदा वापतको | ७१९,६६५.०० | ७१९,६६५.०० | ०.०० |
| ७.३.७.९५ अनिवार्य अवकाश हुनुभएका कार्यालय सहयोगी चौथो श्री नन्दन भट्टराईको औषधी उपचार खर्च | ५७०,७८०.०० | ५७०,७८०.०० | ०.०० |
| ७.३.७.९६ अनिवार्य अवकाश हुनुभएका सव-इन्जिनियर पाँचौं श्री खेमराज सुवेदीको औषधी उपचार खर्च | ८७५,२६८.०० | ८७५,२६८.०० | ०.०० |
| **जम्मा** | **२१,३५१,८४६.००** | **१९,८५४,४७४.३६** | **१४९७३७१.६४** |

**च. मौज्दात कोषको रकमको विवरणः-**

मौज्दात कोष सञ्चालन निर्देशिका, २०७५ अनुसार साविक जिल्ला विकास समितिको कार्यालयमा मौज्दात रहेको रकम विभिन्न मितिको कार्यक्रम व्यवस्थापन समितिको निर्णयले छनौट भएका योजनामा खर्च गर्न सम्बन्धित स्थानीय तहको खातामा निकाशा गरिएकोमा हालको मौज्दात कोषको विवरण यस प्रकार छः-[1]

| गत बर्षको मौज्दात(रु.) | जम्मा आम्दानी (रु.) | यस आ.व. २०८२/८३ मा खर्च(रु.) | जम्मा खर्च रकम (रु.) | मौज्दात रकम (रु.) |
|---|---|---|---|---|
| २११,९९८,१४३.८४ | २१३,६१८,६०४.८६ | २७,५७६,१८२.०९ | २७,५७६,१८२.०९ | १८६,०४२,४२२.७७ |

**छ. बैठक र निर्णय संख्याः** जिल्ला समन्वय समिति बैठक बसेको विवरण र निर्णय संख्या यस प्रकार प्रस्तुत छः

| क.सं. | महिना | बैठक संख्या | महत्वपूर्ण निर्णयहरु | कैफियत |
|---|---|---|---|---|
| १ | श्रावण | नबसेको | | |
| २ | भाद्र | नबसेको | | |
| ३ | आश्विन | २ | सम्पादित मुख्य क्रियाकलापमा समावेस गरिएको । | |
| ४ | कार्तिक | १ | ऐ. | |
| ५ | मंसिर | १ | ऐ. | |
| ६ | पौष | १ | ऐ. | |
| ७ | माघ | १ | ऐ. | |
| ८ | फाल्गुण | ० | ऐ. | |
| ९ | चैत्र | १ | ऐ. | |
| १० | वैशाख | १ | ऐ. | |
| ११ | जेठ | १ | ऐ. | |
| १२ | आषाढ | १ | ऐ. | |
| | जम्मा | १०टा | | |

[1] मौज्दात कोषबाट भएको योजनागत खर्च प्रकरण ज पेज नं. ३३ मा उल्लेख छ।

## ज. जि.स.स. मौज्दात कोषबाट भुक्तानी भएको कार्यक्रमको विवरणः-

आर्थिक वर्ष २०८२/८३ मा मौजदात कोषबाट भएका भुक्तानी

| क्र.सं. | योजनाको नाम | स्थानीय तह | भुक्तानी रकम (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | नगरपालिकाको प्रशासकीय भवन निर्माण | रंगेली | ४,०८०,०००.०० | दोस्रो किस्ता रकम मा निकासा |
| २ | शहरी स्वास्थ्य केन्द्रको भवन निर्माण | सुन्दरहरैंचा | ३,०५०,२८८.०० | पहिलो किस्ता बापत १५,५०,२९५ र अन्तिम किस्ता रकम १४,९९,९९३।४२ निकासा |
| ३ | चंडेश्वोरी आ.वि.को अधुरो भवन निर्माण- below | सुन्दरहरैंचा | २७५,०००.०० | अन्तिम किस्ता २७५००० निकासा |
| ४ | ७ न. वडा कार्यालय भवनको दोस्रो तल्ला थप निर्माण आयोजना | कटहरी | १,६६१,१८८.०० | पहिलो किस्ता ८१६६५६ र अन्तिम किस्ता ८४४५३२ निकासा |
| ५ | तीन तल्ले वार्ड भवन निर्माण | रंगेली | ४,१२४,५४६.०० | अन्तिम भुक्तानी रकम निकासा |
| ६ | रंगेली अस्पतालको विरामी कुरुवा घरमा फल्स सिलिंग र झ्यालमा जाली राख्ने कार्य योजना | रंगेली | २९९,९६२.०० | अन्तिम भुक्तानी रकम निकासा |
| ७ | कानेपोखरी स्थित वडा नम. ०२ र वडा नम. ०३ को स्वास्थ्य केन्द्र घेराबारा निर्माण | कानेपोखरी | ७५९,५२०.०० | पहिलो किस्ता रकम निकासा |
| ८ | जनकल्याण माध्यानिक विद्यालय भवन निर्माण | कानेपोखरी -०७ | ४,०१७,८७५.०० | पहिलो किस्ता रकम निकासा |
| ९ | मच्छिन्द्र मा.वि.को शौचालय निमाण | केराबारी | ५२०,५७०.२१ | अन्तिम भुक्तानी रकम निकासा |
| १० | गाउँपालिकाको प्रशासकीय भवनको माथिल्लो तल्ला थप निर्माण - | धनपालथान | ८८३,१४३.०० | अन्तिम भुक्तानी रकम निकासा |
| ११ | श्री रत्नडिक विधालय भौतिक | रतुवामाई-९ | ५२२,०८९.०० | पहिलो किस्ता रकम निकासा |

| | | | | |
|---|---|---|---|---|
| | संरचना सुधार | | | |
| १२ | श्री डोरिया आधारभुत विद्यालयको कम्पाउण्ड वाल र रंगरोगनको कार्य | रतुवामाई-२ | ४२१,००६.०० | पहिलो किस्ता रकम निकासा |
| १३ | श्री रतुवामाई नगरपालिका ८ नं. वडा कार्यालय भौतिक पुर्वाधार निर्माण | रतुवामाई-८ | १,३३८,५३३.०० | पहिलो किस्ता रकम निकासा |
| १४ | अन्य भुक्तानी | | ५४,५६,२२१/८८ | |
| | जम्मा | | २७,५७६,१८२.०९ | |

झ. **समन्वय तथा अनुगमनको विवरण**

ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ अनुसार जिल्ला अनुगमन समितिको सचिवालय यस कार्यालयमा रहेको साथै जिसस प्रमुखको अध्यक्षतामा अनुगमन समिति रहेकोले यस कार्यालयबाट अनुगमन सम्बन्धी कार्यको अभिलेख तथा प्रशसनको कार्य भएको छ । आ.व. २०८२/८३ मा भएको क्रसर तथा नदीजन्य पदार्थ बिक्री सम्बन्धी अनुगमनको विवरण यस प्रकार छ;-

जिल्लाका क्रसर उद्योगहरुको अनुगमन सम्बन्धी विवरण

| क्र.सं | अनुगमन मिति | अनुगमन गईएका क्रसरको विवरण | देखिएका कैफियत तथा निष्कर्ष |
|---|---|---|---|
| १ | २०८२/१२/१९ | इस्टर्न एग्रिगेट उद्योग प्रा.लि., बाहुनी-०६,बेलबारी न.पा. | अनुगमन पछि कतिपय उद्योगको सम्बन्धमा छानविन भईरहेकोले विवरण सार्वजनिक हुन बाँकी । अनुगमनबाट विभिन्न ३ वटा उद्योगमा सञ्चालन गर्न रोक लगाइएको, ८ वटामा कागजात पेश गर्न लगाइएको । |
| २ | २०८२/१२/१९ | कान्तिपुर वासिङ उद्योग प्रा. लि., बाहुनी-०८,बेलबारी न.पा. | |
| ३ | २०८२/१२/१९ | सूर्य एग्रिगेट प्रा. लि., राधानगर-०८,बेलबारी न.पा. | |
| ४ | २०८२/१२/१९ | एम.ए.आई. एग्रिगेट इन्डस्ट्रिज प्रा.लि., राधानगर-०८,बेलबारी न.पा. | |
| ५ | २०८२/१२/१९ | ओम श्री क्रसर उद्योग एण्ड सप्लायर्स प्रा.लि., बेलबारी न.पा.-०३ | |

| | | | |
|---|---|---|---|
| ६ | २०८२/१२/१९ | मा भगवती स्टोन मिल्स एग्रिगेट प्रा.लि., किर्तीमान -०२, बेलबारी न.पा. | |
| ७ | २०८२/१२/१९ | श्री उत्तर मोरङ क्रसर उद्योग प्रा.लि., लेटाङ न.पा.-०२ | |
| ८ | २०८२/१२/१९ | चिसाङ क्रसर उद्योग, किर्तामान-०३,लेटाङ नगरपालिका | |
| ९ | २०८२/१२/३० | कान्तिपुर वासिङ उद्योग प्रा. लि., बाहुनी-०८,बेलबारी न.पा. | |
| १० | २०८२/१२/३० | मा भगवती स्टोन मिल्स एग्रिगेट प्रा.लि., किर्तीमान -०२, बेलबारी न.पा. | |
| ११ | २०८३/०१/२३ | देविस्थान कंक्रिट उद्योग, मिक्लाजुङ गा.पा. -०७ | |
| १२ | २०८३/०२/०१ | कान्तिपुर वासिङ उद्योग प्रा. लि., बाहुनी-०८,बेलबारी न.पा. | |
| १३ | २०८३/०२/२४ | पूर्वाञ्चल क्रसर उद्योग प्रा.लि., गछीया-०६, सुन्दरहरैंचा न.पा. | |
| १४ | २०८३/०२/२४ | पशुपति स्टोन क्रसिङ उद्योग प्रा.लि., गछीया-०७, सुन्दरहरैंचा न.पा. | |
| १५ | २०८३/०२/२४ | जयश्री तिरुपति क्रसर प्रा.लि., गछीया-०७, सुन्दरहरैंचा न.पा. | |
| १६ | २०८३/०२/२४ | सलोनी वासिङ प्लाण्ट उद्योग प्रा.लि, सुन्दरहरैंचा न.पा. | |

# खण्ड ग

# सारांश, सुझाव तथा निष्कर्ष

## १. सारांश, सुझाव तथा निष्कर्ष :

### क. जिल्ला समन्वय समितिको सेवा प्रवाह तथा प्रभावकारिता बृद्धि गर्नको लागि सुझावहरुः-

#### (१) संघीय सरकारको लागि सुझाव/अपेक्षाः-

(अ) संघीय संरचना अनुसार जिल्ला समन्वय समितिको संवैधानिक, कानुनी र कार्यकारी अधिकारहरू पुनः स्पष्ट परिभाषा गर्नुपर्ने देखिन्छ। जस्तो कि अनुगमन कार्य, जसको सीमा, प्रकृया तथा विस्तृत व्यवस्था हुनु पर्ने।

(आ) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को अनुसुचि ४ को (१) मा नेपाल सरकारले आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने प्रदेश तथा स्थानीय तह (सम्बन्धित स्थानीय तह जिल्ला समन्वय समिति) लाई त्यसरी प्रभावित भएको अनुपातमा समन्यायिक रूपमा प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँड तथा वितरण गर्नेछ भन्ने व्यवस्था भएकोले सो कार्यान्वयन हुनु पर्ने।

**(इ)** स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन(LGPAS) को मूल्याङ्कनमा जिल्ला समन्वय समिति पृष्ठपोषक मात्र हुँदा दिइएका पृष्ठपोषण स्थानीय तहले पालना नगरेमा प्राप्ताङ्क मन्त्रालयले घटाउन सक्ने व्यवस्था भए पनि यसको व्यवहारिक कार्यान्वयन हुन बाँकी रहको छ । जि.स.स.को नियमन र अनुगमन क्षमता विकासको लागि जि.स.स.ले नै नतिजा प्रकाशन गरी मन्त्रालय पठाउने व्यवस्था गर्न आवश्यक देखिन्छ। **साथै** मूल्याङ्कनको नतिजाको आधारमा उत्कृष्ट स्थानीय तह घोषणा तथा यसको नतिजालाई कार्यसम्पादन संग आवद्ध गरी वित्तीय अनुदान हस्तान्तरणमा कडाई तथा आवश्यक थप क्षमता विकास सम्बन्धी क्रियाकलाप तय गर्नुपर्ने देखिन्छ ।

(ई) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ को उपदफा (१) मा उल्लेख भएका ११ वटा कार्यहरु प्रदेश कानूनले अन्यथा व्यवस्था नगरेसम्मको लागि मात्र लागू हुने उल्लेख भएको तथा कोशी प्रदेश सभाबाट जिल्ला सभा ऐन, २०७५ जारी भई सो ऐनको दफा ३ मा उल्लेखित विकास कार्यमा समन्वय, सूचना तथ्याङ्क तथा अभिलेख व्यवस्थापन कार्य, क्षमता विकास कार्य, व्यवस्थापन कार्य र प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी कार्यको लागि कार्यजिम्मेवारी कार्यान्वन गर्नको लागि बजेट तथा जनशक्तिको अभाव रहेको छ । संघ सरकारबाट आधारभूत प्रशासनिक र प्रदेश सरकारबाट अनुगमन र इन्धनमा सीमिति स्रोत प्रदान भएकोले उल्लेखित प्रदेश कानून अनुसारका जिम्मेवारी पूरा गर्न कठिनाई परेकोले आवश्यक स्रोतसम्पन्न हुनु पर्ने देखिन्छ ।

(उ) जिल्ला सभा ऐन, २०७५ अनुसार जिल्ला सूचना तथा अभिलेख केन्द्र (The centre of Information) जि.स.स.मा स्थापना हुने र विद्युतीय प्रणालीमा जिल्ला अनुगमन विश्लेषण प्रणाली स्थापना र सञ्चालन गर्ने विषय हालसम्म कुनै पनि प्रगति हुन सकेको छैन । यसमा प्रदेश सरकारबाट आवश्यक स्रोत साधानको व्यवस्थापन हुन जरुरी छ ।

(ऊ) स्थानीय तहले बजेटको प्राथमिकीकरण र विनियोजनमा नेपाल सरकार र प्रदेश सरकारका नीति तथा कार्यक्रम कार्यान्वयमा सहयोग पुर्याउने गरी समपुरक र विशेष अनुदानको बजेट माग गर्नु पर्नेमा समयमा खर्च गर्न नसक्ने, बजेट फ्रिज हुने जस्ता विभिन्न समस्याहरु भई रहेका छन् । यस्ता समस्या समाधानको लागि समपुरक र विशेष अनुदानको रकम एकमुष्ठ जिल्ला समन्वय समितिमा पठाइ नेपाल सरकारबाट स्वीकृत मापदण्ड अनुसार प्राथमिकताका साथ वितरण गर्ने प्रणाली निर्माण गर्न सकिन्छ ।

(ऋ) जिल्ला समन्बय समितिका कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि नियमित तालिम र स्रोतको व्यवस्था गर्नुपर्ने देखिन्छ।

(ऌ) नीति विश्लेषण, आयोजना व्यवस्थापन, अनुगमन मूल्यांकन सम्बन्धी दक्षता विकास गर्न संघीय सरकारको सहकार्यमा कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ।

(ऍ) जिल्ला समन्बय समिति बाट प्राप्त प्रतिवेदनलाई स्थानीय तह तथा प्रदेश सरकारका कार्यक्रममा समावेश गर्नु पर्ने कानूनी आधार तयार गर्नु पर्ने देखिन्छ ।

(ऎ) राष्ट्रिय तथा प्रदेश नीतिहरू पालिका तहमा प्रभावकारी रूपमा कार्यान्वयन गर्न जिल्ला समन्बय समिति लाई सहजीकरणकर्ता निकायको रूपमा सशक्त बनाइनुपर्छ।

(ए) स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन(LGPAS) को सम्बन्धमा सम्बन्धित फोकल पर्सन, प्रशासन तथा लेखा शाखा प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सूचना प्रविधि अधिकृत, जि.स.स.का कर्मचारी तथा जिल्ला समन्वय अधिकारी लगायतलाई कार्यविधि र सफ्टवेरको बारेमा नियमित तालिम दिनुपर्ने ।

(ऐ) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट सम्बन्धित जिल्ला भित्रका पालिकाहरुलाइ उपलब्ध गाइने राजश्व बाँडफाड अनुदानको रकमको अनुगमन मुल्याङ्कन प्रतिवेदनक लागि जिल्ला समन्वय समितिलाई कम्तीमा १%(एक प्रतिशत) रकम उपलब्ध गराउने ।

(ऑ) जिल्ला समन्वय समितिहरुको सटर तथा अन्य भडाबाट प्राप्त हुने आयलाई जिल्ला सभाको निर्णय अनुसार पूजीगत एवं चालु खर्च गर्न पाउने व्यवस्था गर्ने ।

(ऒ) अनुगमन तथा मूल्याङ्कन ऐन, २०८० मा व्यवस्था भएको जिल्ला समन्वय समितिको अनुगमन तथा मूल्याङ्कनको अधिकारलाई थप व्याख्या र स्पष्टता गर्ने ।

(ओ) संघीय मन्त्रालयले आफ्ना मातहतका कार्यालयहरुलाई स्थानीय सरकार संचालन ऐन २०७५ को दफा ९५ बमोजिम जिल्ला समन्वय समितिसँग समन्वय गरेर मात्र कार्यक्रम संचालन गर्नु पर्ने कानूनी व्यवस्था पालना गर्न निर्देशन दिनु पर्ने ।

(औ) गैर सरकारी संस्थाहरुको नियमनको लागि स्पष्ट कानूनी जिम्मेवारी र प्रणालीमा जिल्ला समन्वय समितिको भूमिका रहने गरी समाज कल्याण परिषद् सम्बद्ध कानूनी व्यवस्था गर्ने ।

(अं) स्थानीय सरकार संचालन ऐन २०७४ र संघ, प्रदेशले जारी गरेका ऐन नियम मार्गदर्शन कार्यविधि आदिले तोकेका क्षेत्र वा विषयमा स्थानीय तहले पालना गरे/नगरेको अनुगमन गरी देखिएका त्रुटिहरू सच्याउन सुझाव दिने र सो सुझाव पालना गर्नु सम्बन्धित स्थानीय तहको कर्तव्य हुने कानुनी व्यवस्था बाध्यकारी बनाउने ।

(२) **<u>प्रदेश सरकारको लागि सुझाव तथा अपेक्षाहरुः-</u>**

(अ) जिल्ला सभा ऐन, २०७५ ले तोकेका कार्यजिम्मेवारीहरु के कति कार्यान्वयन भए ? कार्यान्वयन नहुनुको कारण के हो ? सो समेत विषयमा अध्ययन गरी सामयिक कानुनी र प्रशासनिक सुधार आवश्यक ठानिएको छ ।

(आ) स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०५ मा व्यवस्था भएको प्रदेश समन्वय परिषद् जि.स.स. प्रमुखहरु सदस्य रहने गरी व्यवस्था रहेकोमा विकासका नीति कार्यक्रम योजना कार्यान्वयनम सहजता हुने हुदाँ सो परिषद्लाई सक्रिय बनाउनु पर्ने ।

(इ) प्रदेश सरकारले जारी गरेको मौजूदा जिल्ला सभा ऐन २०७४ मा संसोधन (थ) गरी ऐनमा उल्लेखित समन्वय तथा अनुगमनका सुझाव जस्ता विषयहरु कार्यान्वयनका लागि एक निकायले पालना गर्नु पर्ने कर्तव्य वा बाध्यकारी व्यवस्था कानुनमा नै राख्न उपयुक्त हुने ।

(ई) प्रदेश मन्त्रालयले आफ्ना मातहतका कार्यालयहरुलाई स्थानीय सरकार संचालन ऐन २०७५ को दफा ९५ बमोजिम जिल्ला समन्वय समितिसँग समन्वय गरेर मात्र कार्यक्रम संचालन गर्नु पर्ने कानूनी व्यवस्था पालना गर्न निर्देशन दिन उपयुक्त हुने ।

(उ) जिल्ला सभा ऐन, २०७५ अनुसार जिल्ला सूचना तथा अभिलेख केन्द्र (The centre of Information) जि.स.स.मा स्थापना हुने र विद्युतीय प्रणालीमा जिल्ला अनुगमन विश्लेषण प्रणाली स्थापना र सञ्चालन गर्ने विषय हालसम्म कुनै पनि प्रगति हुन सकेको छैन । यसमा प्रदेश सरकारबाट आवश्यक स्रोत साधानको व्यवस्थापन हुन जरुरी छ ।

(ऊ) ढुङ्गा, गिट्टी, उत्खनन र विक्री व्यवस्थापन सम्बन्धी कार्यको लागि स्थानीय तहले विवरण प्रविष्टि गर्ने, जि.स.स. र प्रदेश सरकारबाट अनुगमन गर्ने गरी विद्युतीय प्रणाली विकास गर्ने, जसबाट Real time data प्राप्त गर्न, अनुगमन गर्न र चुहावट रोक्न मद्दत पुग्न सक्दछ ।

(ऋ) स्थानीय तहका टेवक वर्क गर्ने कुनै पनि कर्मचारी तालिममा नछुट्ने नीति लिएर सवै क्षेत्र समावेश गरी तालिम प्रदान गर्ने गरी प्रदेश तालिम नीति लागू गरी कार्यान्वयन गर्ने ।

## २. <u>स्थानीय तहको सेवा प्रवाह र सुशासन प्रवर्धनको लगि स्थानीय तहहरुलाई सुझावहरुः-</u>

१. आवधिक योजना, मध्यकालीन खर्च संरचना (MTEF), परियोजना बैंक (Project Bank) र वार्षिक बजेट निर्माणमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व ऐन, २०७७, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को पूर्ण परिपालना नगरी निर्माण गरेको तथा कतिपय स्थानीय तहहरुले आवधिक योजना, मध्यकालीन खर्च संरचना तथा परियोजना बैंक नै सञ्चालन नगरेको पाइएकोले कानूनी पक्षको परिपालना गर्नु पर्ने देखिन्छ ।

२. दिगो विकास लक्षको स्थानीयकरणको लागि स्थानीय तहको लागि म्यानुअल जारी भएको भए पनि सो अनुरुप बजेट कोडिङ लगायत स्थानीयकरणको लगि स्थानीय रणनीति तयारी तथा प्रगति समीक्षा भएको नपाइएकोले सो तर्फ ध्यान दिन आवश्यक देखिन्छ ।

३. नदीजन्य पदार्थको उत्खनन, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ र प्रदेश आर्थिक ऐन अनुसार स्थानीय तहहरुले नदीजन्य पदार्थको राजश्व अशुली तथा व्यवस्थापन गर्न स्थानीय तहले कार्य गर्नु पर्ने देखिन्छ ।

४. अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची ३ अनुसारको राजश्व परिचालन न्यून हुँदा संघीय र प्रदेश सरकारमाथिको निर्भरता कम हुन नसकेकोले त्यसतर्फ गम्भीर भई राजस्व सुधार कार्ययोजना तयारी तथा कार्यान्वयन गर्नु पर्ने देखिन्छ ।

५. स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीको लागि कानून निर्माण, बजेट, योजना व्यवस्थापन, सार्वजनिक खरिद, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी अनुशिक्षण, प्रशिक्षण तथा तालिमहरु सञ्चालन गर्नु पर्ने देखिन्छ।

६. राजनीतिक नेतृत्त्व र प्रशासनिक नेतृत्त्वबीच तथा कर्मचारीबीचमा हुने द्वन्द्व तथा सम्बन्धमा, अधिकारको सीमा तथा विविध मानवीय पक्षमा तालिम सञ्चालन गर्नु पर्ने देखिन्छ ।

७. स्थानीय तहको बेरुजुको आकार वर्षेनी बृद्धि भई रहेको सन्दर्भमा बेरुजु आउने कारण पहिचान र निदान गर्ने तथा स्थानीय तहले बेरुजु फर्यौट कार्ययोजना तथा कार्यक्रम सञ्चालन गर्नु पर्ने देखिन्छ ।

८. स्थानीय निर्माणको गुणस्तर परीक्षण तथा दिगोपना सम्बन्धमा स्थानीय मापदण्ड र योजनाबनाई लागू गर्नु पर्ने देखिन्छ ।

९. विपद् व्यवस्थापन नेपालको संविधान अनुसार स्थानीय तहको एकल अधिकारको विषय भए पनि केन्द्रिकृत सोचको बाहुल्यता र अपेक्षा केन्द्रसँग नै राख्ने प्रवृत्ति देखिएकोले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ अनुसारको स्थानीय समिति, वडा समिति सकृय बनाउने, स्थानीय विपद् व्यवस्थापन कोषको स्थापना, कोष सञ्चालनको कानूनी व्यवस्था, आपतकालीन कार्य सञ्चालन केन्द्र सञ्चालन, स्वयंसेवक परिचालन लगायत कार्यहरु अधिकांश स्थानीय तहले पूर्ण रुपमा गर्न सकेको नदेखिएकोले सो तर्फ तत्काल कदम चाल्नु पर्ने देखिन्छ ।

## ३. प्रदेश सरकार मातहत जिल्ला स्थित कार्यालयको सेवा प्रवाह र सुशासनको लगि सुझावहरुः-

कोशी प्रदेश अन्तर्गत जिल्ला स्थित प्रदेश सरकारका निकायहरू (जस्तैः कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल, डिभिजन वन कार्यालय, सवारी तथा यातायात, प्रादेशिक सडक/सिँचाइ कार्यालय, प्रादेशिक अस्पताल आदि) को सेवा प्रवाहलाई प्रभावकारी, पारदर्शी र सुशासित बनाउन निम्न लिखित सुझावहरू कार्यान्वयन गर्न सकिन्छः-

१. एउटै प्रकृतिका कार्य गर्ने गरी सङ्घ, प्रदेश र स्थानीय तहका इकाइहरू क्रियाशील रहेकाले अनावश्यक ठानिएका संरचना हटाउने, अधिकार स्थानीय तहमा प्रत्यायोजन गर्ने तथा छरितो प्रशासन कायम गर्न अध्ययन गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गर्ने।

२. स्थानीय तहमा रहेका कृषि र पशुसेवा केन्द्रहरूलाई प्रदेश सरकारबाट प्राविधिक सहयोग, क्षमता विकास र स्रोतसाधन उपलब्ध गराई सुदृढ बनाउने र जिल्ला स्थित प्रदेशका कृषि तथा पशु सेवा केन्द्र तथा भेटेरिनरी अस्पताल सम्बन्धी दोहोरो प्रकृतिका संरचनाहरूलाई सम्बन्धित स्थानीय तहमा हस्तान्तरण गर्दै क्रमशः प्रदेश सरकारको संरचना घटाउदै जाने रणनीति लिने।

३. प्रदेश र स्थानीय तहबाट सञ्चालित एकै प्रकृतिका कार्यक्रमहरू (जस्तैः कृषि तथा पशु अनुदान, साना सिँचाइ आदि) मा देखिने दोहोरोपना रोक्न दुवै तहको स्पष्ट क्षेत्राधिकार, सीमा र मापदण्ड तोक्ने।

४. कृषि, पशु, भेटेरिनरी, खानेपानी, सिँचाइ, वन लगायतका प्रादेशिक कार्यालयहरूबाट सञ्चालित योजना तथा कार्यक्रमहरूको प्रथम चौमासिकभित्रै खरिद व्यवस्थापन र स्वीकृत कार्ययोजना पूरा गरी असार मसान्तमा हुने हतारो र बजेट असारे विकासको चाप न्यूनीकरण गर्ने।

५. अनुदान वितरण, तालिम तथा प्रविधि हस्तान्तरणमा लाभग्राही छनोट प्रक्रियालाई पूर्ण पारदर्शी बनाउन सूचना सार्वजनिक गर्ने र लाभग्राहीको विवरण अनिवार्य रूपमा केन्द्रीय/प्रादेशिक अनलाइन प्रणालीमा प्रविष्टि (Digital Tracking) गर्ने व्यवस्था मिलाउने।

६. जिल्ला स्थित प्रादेशिक कार्यालयहरूको सेवा प्रवाहलाई छिटो र छरितो बनाउन अनलाइन आवेदन, इ-भुक्तानी (e-Payment) र अनलाइन टोकन प्रणाली लागू गरी नागरिक बडापत्र अनुसार क्षतिपूर्तिसहितको सेवा लागू गर्ने।

७. स्थानीय तहमा प्राविधिक जनशक्तिको अभावलाई सम्बोधन गर्न प्रदेश मातहतका विशेषज्ञ प्राविधिकहरू (इन्जिनियर, कृषि वैज्ञानिक, पशु चिकित्सक) मार्फत स्थानीय तहलाई सोझै प्राविधिक सहयोग (Technical Support Pool) पुऱ्याउने संयन्त्र बनाउने।

८. प्रदेश सरकारका कार्यक्रमहरूको दोहोरोपन रोक्न र प्रभावकारिता नाप्न स्थानीय तह, जिल्ला समन्वय समिति (DCC) र प्रदेश मन्त्रालयबीच एकीकृत अनुगमन प्रणाली (Integrated Monitoring System) सञ्चालन गर्ने।

९. नागरिकका गुनासोहरूलाई सोझै प्रादेशिक निकाय र मन्त्रालयसम्म पुऱ्याउन क्युआर (QR) कोड आधारित डिजिटल गुनासो पेटिका र हेलो सरकार/मुख्यमन्त्री जनता सम्पर्क कार्यक्रमसँग जिल्ला स्थित कार्यालयहरूलाई सोझै आबद्ध गराउने।

**निष्कर्षः-**

नेपालको संविधान, संघीय र प्रदेश कानूनले जिल्ला समन्वय समितिलाई विभिन्न अधिकारहरु प्रदान गरेको भए पनि ती पूर्णत कार्यान्वय हुनको लागि वित्तीय, मानवीय र विभिन्न तहगत समन्वयको अभाव रहेको छ । जिल्ला सूचना केन्द्र, एकीकृत प्रोफायल निर्माण जस्ता कार्यको अभाव एकातिर छ भने सो जिम्मेबारी जिल्ला

समन्वय समितिलाई भए पनि विविध कारणले सो कार्यान्वय हुन सकेको छैन । साथै विकास योजनाको सघन अनुगमनको लागि जिल्ला समन्वय समितिमा उपयुक्त जनशक्तिको व्यवस्थापन जरुरी छ ।

## कार्यालयको वेभसाईट, ईमेल ठेगाना तथा सामाजिक सञ्जाल:

यस कार्यालय वेभसाईट www.ddcmorang.gov.np

ईमेल ठेगाना ddcmorang@gmail.com

फेसबुक पेज **www.facebook.com/Dccmorang**

### जिल्ला समन्वय समिति मोरङ्गका पदाधिकारीज्यूहरुको सम्पर्क नम्बर सहितको विवरण

| क सं | नाम,थर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|
| १. | श्री अजम्बर राई | जि.स.स. प्रमुख | ९८४२०५६९२० |
| २. | श्री उषा झा | जि.स.स. उप-प्रमुख | ९८४२०२६१३८ |
| ३. | श्री हरिमाया विश्वकर्मा | सदस्य | ९८४२२२८४५१ |
| ४. | श्री उमा नेपाली | सदस्य | ९८४२२००४७२ |
| ५. | श्री उर्वशी कुमारी थारू | सदस्य | ९८१०४०५६०८ |
| ६. | श्री तुलसी प्रसाद घिमिरे | सदस्य | ९८४२१९६४६७ |
| ७. | श्री मित्र प्रसाद ढकाल | सदस्य | ९८५२०२३६२९ |
| ८. | श्री देवमणि कटुवाल | सदस्य | ९८४२०९३३२२ |
| ९. | श्री चन्द्र कुमार सरदार | सदस्य | ९८१५९०२५३७ |

### जिल्ला समन्वय समितिको कार्यालय, मोरङमा कार्यरत कर्मचारीको विवरण:-

| क्र.स | शाखा | कर्मचारीको नाम | पद |
|---|---|---|---|
| १ | कार्यालय प्रमुख | श्री जानुका न्यौपाने | जिल्ला समन्वय अधिकारी |
| २ | व्यवस्थापन | श्री गिरिराज भट्टराई | शाखा अधिकृत |
| ३ | अनुगमन तथा मूल्याङ्कन | श्री नविन भुजु | इन्जिनियर |
| ४ | सूचना अधिकारी | श्री शालिगराम कोइराला | नायब सुब्बा |
| ५ | आर्थिक प्रशासन | श्री शर्मिला दाहाल | लेखापाल |
| ६ | व्यवस्थापन | श्री मेघराज आचार्य | नायब सुब्बा |
| ७ | व्यवस्थापन | श्री यादब देवी सुवेदी | खरिदार |
| ८ | व्यवस्थापन | श्री हरि बहादुर खत्री | का.स. |
| ९ | व्यवस्थापन | श्री कमल भण्डारी | का.स. |
| १० | व्यवस्थापन | श्री सुरेन्द्र साह | का.स. |
| ११ | व्यवस्थापन | श्री दुर्गाबहादुर सिंखडा | ह.स.चा |
| १२ | व्यवस्थापन | श्री विक्की थापा मगर | ह.स.चा |
| सचिवालय तर्फ | | | |
| | प्रमुखज्यूको सचिवालय | श्री सुजन पोखेल | निजी सचिव/ना.सु.सरह |